**बाढीपहिरोबाट जोगिऔं**

- जथाभावी सडक निर्माण र वनविनाशले बाढीपहिरो निम्त्याउने हुँदाः
- वृक्षारोपण गरौं, वनजङ्गल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं,
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रूख, बाँस, निगालोजस्ता भूक्षय रोक्ने खालका बिरूवा रोपौं र संरक्षण गरौं,
- बस्ती तथा समुदायको रक्षा गरौं,
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।

**बाढी पहिरोबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily .com

**जनहितमा जारी सन्देश**

- हावाहुरीबाट बच्न घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्याल–ढोका बन्द गरौं,
- छतका गमला सुरक्षितरूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला नछाडौं,
- सवारीसाधनमा रहँदा हावाहुरी चलेमा सवारीसाधन रोकेर सुरक्षित स्थानमा बसौं,
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्वतयारी एवं सतर्कता अपनाऔं ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ साउन ३० गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 August 14 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३४३

## पर्साका पहलवानहरू पेशाबाट पलायन हुँदै


तस्वीरः प्रतीक

धर्मेन्द्र चौरसिया, पोखरिया, २९ साउन/
पर्सा जिल्लाका पहलवानहरू पेशाबाट पलायन हुँदैछन् । तीनै तहका सरकारले पहलवानहरूको हकमा कुनै काम नगर्दा यो पेशाबाट उनीहरू जीवन धान्न नसक्ने देखेर पलायन हुन थालेका हुन् ।

पछिल्लो समयमा ख्यातिप्राप्त पहलवान जवाहिर खलिफासहित यो पेशाबाट २५ जनाभन्दा बढी अन्य पेशामा गएको पहलवान बृजकिशोर यादव बताउँछन् । अहिले स्थानीय सरकार भएपनि पहलवानहरूको हकमा काम गर्न नसकेको उनले आरोप लगाए । उनले पहलवानी गरेर जीवनयापन गर्ने आधारहरू पछिल्लो समयमा घट्दै गएको र यसलाई जोगाउन स्थानीय तहको सरकारले पहल नगर्दा पेशाबाट पलायन हुनुको विकल्प नरहेको बताए । अहिले पर्सा जिल्लामा ५० भन्दा बढी पहलवान छन् र त्यसमध्ये १० जना राष्ट्रियस्तरका पहलवान हुन् ।

बृजकिशोर यादव, नरेश गिरी, सुमित साह, बलिराम यादव, लक्ष्मण यादव, मनोज यादव, धर्मराज यादव, मदन यादव, भन्टु यादव, भागवत साहलगायतका पहलवानहरू स्वर्ण र रजत पदक प्राप्त गरेर देशमा चर्चित छन् । अहिले पर्सा जिल्लामा उनीहरू निरन्तर अभ्यासमा छन् तर आफ्नै खर्चमा । १४ वटा पालिकामध्ये चारवटा पालिकामा कुश्तीको लागि अखडा बनाइएको छ । तर ती सबै अखडा पहलवानहरूले आफ्नो खर्चमा बनाएर अभ्यास गरिरहेका छन् । केही सार्वजनिक जग्गामा, केही निजी जग्गामा अखडा बनाएर अभ्यास गरिरहेको पहलवान बृजकिशोर यादव बताउँछन् ।

बहुदरमाई नगरपालिका–८ रामनगरी, पोखरिया नगरपालिका–४ पोखरिया र १० शिवर्वा, छिपहरमाई गापा–१ मिर्जापुर र वीरगंज महानगर–१३ राधेमाईमा सार्वजनिक जग्गामा अखडा बनाएर कुश्तीको अभ्यास गरिरहेको उनले बताए ।

कुश्ती प्रतियोगिता अहिले प्रदर्शनको लागि चाडपर्वहरूमा मात्र सीमित हुँदै आएको छ । व्यावसायिकरूपमा कुश्ती प्रतियोगिता हुनै छाडेको छ। त्यसैले पनि यो पेशाबाट जीवन धान्न नसक्ने देखेर थुप्रै पहलवान पलायन भइरहेका छन् । पोखरिया नपाकी उपप्रमुख रूबी ठाकुरले चालू आवको बजेटमा पहलवानहरूको हकमा बजेट विनियोजन नभए पनि पुसको संशोधन बजेट अथवा आगामी आवमा उनीहरूको हकमा केही बजेट विनियोजन गरिने बताइन् । पोखरिया नपामा पहलवानी अभ्यासको लागि दुईवटा अखडा छन्। दुईटै अखडा पहलवानहरूले आफैंले बनाएका हुन् ।

## नगरप्रमुख र वडाध्यक्षबीच घम्साघम्सी

नरेश यादव, पर्सागढी, २९ साउन/
जीतपुरसिमरा उपमहानगरपालिका–२ अन्तर्गत नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, सिमरामा शिक्षक सरुवाको विषयलाई लिएर नगरप्रमुख राजन पौडेल र वडाध्यक्ष धनबहादुर श्रेष्ठबीच घम्साघम्सी भएको छ ।

नगरप्रमुख पौडेल मङ्गलवार स्थानीय प्रहरी र नगरप्रहरीसहित विद्यालयमा पुगेका थिए। उनले सरुवा भएका मेघराज अधिकारीलाई रमानापत्र नबुझाएको र हाजिरी गराएर काम गराएको भन्दै विद्यालयमा गएर रजिस्टर नियन्त्रणमा लिएका थिए । उनले सरुवा भएका शिक्षक अधिकारीलाई फकिरा गिरी राजेश गिरी मावि, जीतपुरमा पठाउन र उनको स्थानमा शिक्षिका सीता अधिकारीलाई हाजिरी गराइ काम गराउन दबाब दिएका थिए ।

नगरप्रमुखको दबाबविरुद्ध वडाध्यक्ष श्रेष्ठ अगाडि आएपछि दुवैबीच हात हालाहाल मात्र भएन बाँकी तँ–तँ, म–म भयो । वडाध्यक्षले नगरप्रमुखले पदको दुरुपयोग गरी सरुवा भएर आएको छ महीना पनि नपुग्दै अधिकारीको सरुवा गरेको भन्दै आपत्ति जनाए । उनले शिक्षक अधिकारीलाई रमाना पनि नदिने र विद्यालयमैं खटाइरहने अडान लिए। नगरप्रमुखले पनि जबरजस्ती हाजिरी रजिस्टर खोसेर शिक्षिका अधिकारीलाई हाजिरी गराउन खोजेका थिए। वडाध्यक्ष श्रेष्ठले नगरप्रमुखले सो क्रममा आफूमाथि हात हाल्ने प्रयास गरेको आरोप लगाए।


तस्वीरः प्रतीक

वडाध्यक्ष श्रेष्ठका अनुसार शिक्षक अधिकारी आएदेखि विद्यालयको वातावरणमा सुधार आएको र उनलाई पूर्वाग्रही तरीकाबाट छ महीना नपुग्दै शिक्षा नियमावलीविपरीत सरुवा गर्न खोज्दा आफूले त्यसको विरोध गरेको बताए ।

## गङ्गोल नदीमा बनेको पुलको अवस्था जीर्ण

प्रस, पोखरिया, २९ साउन/
हुलाकी सडक अन्तर्गत जगरनाथपुर गाउँपालिकाको गङ्गोल नदीको खोलामा बनेको पुलको अवस्था जीर्ण बन्दैछ ।


तस्वीरः प्रतीक

हुलाकी सडक निर्माणको क्रममा बनेको यो पुल बारम्बार बिग्रिरहेको र यसको मरम्मतसम्भारमा सरोकारवाला पक्षले खासै ध्यान नदिंदा दुर्घटनाको सम्भावना बढ्दै छ। एक वर्ष अघि पुलको विभिन्न स्थानमा खाल्डो परेको थियो। यसको मरम्मतसम्भार गरिएको भएपनि अहिले केही महीनादेखि पुनः पुलको तीनवटा ठाउँमा खाल्डो भएको छ। ढलान फुटेर छ इन्चसम्म खाल्डो भई छड देखिने अवस्थामा पुगिसक्दा पनि स्थानीय पालिका र सडक विभागले यसमा चासो देखाएको छैन ।

गङ्गोल नदीको पुलमा रहेको खोलाले पटेर्वासुगौलको मनिहर्वा र जगरनाथपुरको सुपुरलाई जोड्छ ।

अहिले खाल्डो भएको ठाउँलाई मरम्मत गरिएको छैन र यसो नगर्दा दुर्घटनाको सम्भावना बढेको स्थानीय बताउँछन् ।

## कालिकामाई गापा कार्यालयमा तालाबन्दी

प्रस, पोखरिया, २१ साउन/
कालिकामाई गाउँपालिका कार्यालयमा मङ्गलवार तालाबन्दी भएको छ । करारमा कार्यरत हाल आठजना कर्मचारीको म्याद थपको विषयलाई लिएर उपाध्यक्ष राजपति देवी बरइनीको नेतृत्वमा आन्दोलनकारी र समर्थकहरूले पालिकाको मूलगेट र गापा अध्यक्ष, उपाध्यक्षको कक्षमा तालाबन्दी गरेका छन् ।



एक वर्षअगाडि स्वास्थ्य सेवामा संलग्न १० जना करार कर्मचारीको म्याद थप गरिएको थिएन । सोही विषयलाई लिएर अहिले १० दिनदेखि कालिकामाई गापाको मूलगेटमा म्याद थप नभएका कर्मचारीहरू धर्नामा बस्दै आएका छन् ।

उनीहरूको आन्दोलनलाई पछिल्लो समय उपाध्यक्ष, तीनजना वडाध्यक्ष र अध्यक्षका प्रत्यासी, पूर्ववडाध्यक्षहरूसहित नेपाली काङ्ग्रेस, एमाले र माओवादीले समर्थन गर्दै आएका छन् । साउन २७ गते राजनीतिक दलमा आबद्ध नेताहरूले हिजोसम्मको समयसीमा दिएर दरबन्दीको म्याद थप नगरे आज तालाबन्दी गर्ने चेतावनी दिएका थिए । सोहीअनुरूप आज पाँचवटा वडामध्ये तीनजना वडाध्यक्ष, उपाध्यक्ष, गापा अध्यक्षका प्रत्यासी अजय पटेल, अरमान खान, पूर्ववडाध्यक्ष पवन तिवारीलगायत कालिकामाई गापाका विभिन्न वडाका मानिसहरू भेला भएका थिए ।

उनीहरूले करारका स्वास्थ्यकर्मी कर्मचारीहरूलाई हटाउनु गलत कार्य भएको र उनीहरूको म्याद थप गर्नुपर्ने माग राखेका थिए। वक्ताहरूले आज गापा कार्यालयमा तालाबन्दी गरेको र गापा अध्यक्षले करार अवधि थप नगरेमा सशक्त आन्दोलन गर्ने चेतावनी दिए ।

## मधेस प्रदेशका सबै राज्यमन्त्री पद मुक्त

प्रस, जनकपुरधाम, २९ साउन/
मधेस प्रदेशका सबै राज्यमन्त्री हटाइएका छन् । प्रदेश सरकारबाट आठजना राज्यमन्त्रीलाई पदमुक्त गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मङ्गलवार जनाएको छ ।

मुख्यमन्त्री सतीशकुमार सिंहले प्रदेश सरकारमा नियुक्त भएका आठजनै राज्यमन्त्रीलाई हटाएका हुन्। पहिलेका तीनजना र हालै एक साता अघि नियुक्त भएका पाँचजनासमेत आठजना राज्यमन्त्रीलाई हटाउन मुख्यमन्त्री सिंहले प्रदेश प्रमुखको कार्यालयमा मङ्गलवार पत्र पठाएका हुन् । २० सदस्यीय जम्बो मन्त्रिमण्डल भएपछि चौतर्फी विरोध आएको हुँदा सरकारमा सहभागी सबै दलको सहमतिमा राज्यमन्त्रीहरूलाई हटाइएको मुख्यमन्त्री निकट स्रोतको भनाइ छ ।

इतिहासमैं ठूलो मन्त्रिमण्डल बनाएको भन्दै प्रदेश सरकारको चौतर्फी आलोचना शुरू भएको थियो । एक साताअगाडि मात्र प्रदेश सरकारले पाँचजना राज्यमन्त्री थप्दै राज्यमन्त्रीको कुल सङ्ख्या आठजना पुऱ्याएको थियो ।

प्रदेश सरकारले एक साता अघि बितेको मङ्गलवार मन्त्रिपरिषद् विस्तार गर्दा थप गरेका पाँचजना राज्यमन्त्रीमा रामबाबू यादव, शम्भु साह, महमद जैद आलम, रेखा ठाकुर र नीलमकुमारी रजक थिए भने यस अघि नै नियुक्त तीनजना राज्यमन्त्रीमा केशव राय, शारदादेवी थापा र रञ्जुकुमारी मण्डल खङ्ग थिए ।




हटाइएका राज्यमन्त्रीमा नेकपा (एमाले)का तीनजना, नेपाली काङ्ग्रेसका दुईजना, जनमतका दुईजना र लोसपाका एकजना राज्यमन्त्री थिए। २० सदस्यीय जम्बो मन्त्रिपरिषद्बाट आठजना हटाइएपछि मधेस प्रदेश सरकारको अब १२ सदस्यीय मन्त्रिपरिषद् छ । जसमा काङ्ग्रेसका चार, एमालेका चार, जनमतका मुखमयन्त्रीसहित तीन र

(बाँकी पाँचौं पातामा)

**विचारसार र सूक्तिहरू**

**दृढ सङ्कल्प भएको मानिसलाई देखेर अरूहरू सोच्छन्, यो मानिस किन धरमराउँदैन। तिनलाई के कुरा थाहा हुँदैन भने धरमरिएरपछि नै मानिसमा दृढता आउँछ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com


# औपचारिकतामा युवा दिवस

**हरेक अगस्तमा अन्तर्राष्ट्रिय युवा दिवस मनाईंदै आइएको छ। यस वर्ष पनि युवा दिवस मनाइयो। सो अवसरमा हाम्रो मुलुकले पनि केही औपचारिक कार्यक्रम सकायो। कतिपय मुलुकहरूमा युवासँग सम्बन्धित सप्ताहव्यापी कार्यक्रम सञ्चालन भइरहेका छन्। संयुक्त राष्ट्रसङ्घले सन् १९९९ मा यो दिवसलाई औपचारिक मान्यता दिएको थियो। हाम्रो मुलुकले सन् २००३ देखि यो दिवस मनाउन थालेको हो। यसको प्रमुख उद्देश्य विश्वभरका युवाहरूको आवाजलाई बुलन्द गर्नु साथै युवाहरूको क्षमता र सामर्थ्यलाई पहिचान गरी तिनलाई सामाजिक, आर्थिक र राजनीतिक विकासमा सक्रिय बनाउनु हो। दिवसको अवसरमा गरिने क्रियाकलाप तथा कार्यक्रमहरू युवाका समस्याहरूलाई पहिचान गर्ने, समाधानका उपाय खोज्ने र सम्बोधन गर्नेतर्फ केन्द्रित हुनुपर्ने हो। यसले युवा सशक्तीकरणको महत्त्वलाई पनि बुझाउन र प्रचारप्रसार गर्नमा केन्द्रित हुनुपर्छ। हामीकहाँ जेनतेन दुई/चार वटा औपचारिक कार्यक्रम सम्पन्न गरिए पनि त्यस्ता कार्यक्रमहरू लक्ष्य र उद्देश्यतर्फ केन्द्रित पाईंदैन।**

**"दिगो विकास लक्ष्यमा प्रगति र समृद्धि, डिजिटल प्रविधिमा युवा पहुँच अभिवृद्धि" यस वर्षको अन्तर्राष्ट्रिय युवा दिवसको लागि नेपालको नारा थियो। यस नाराले दिगो विकास लक्ष्यहरूमा प्रगति गर्न र समृद्धि हासिल गर्न डिजिटल प्रविधिको प्रयोगमा युवाहरूको पहुँच बढाउनुपर्ने आवश्यकतालाई प्राथमिकता दिएको छ। हाम्रो मुलुकमा दिवसको सन्देश, लक्ष्य र उद्देश्यको गम्भीरतालाई बुझ्नेभन्दा पनि सांस्कृतिक र औपचारिक कार्यक्रममा सीमित राखिने चलन छ। यसले वास्तविक समस्यासँग लड्नका लागि आवश्यक बाटो तय गर्न र ठोस कदम चाल्न सक्दैन। औपचारिक कार्यक्रमहरू त केवल देखावा गर्ने र निर्धारित बजेट सकाउनमा मात्रै सीमित रहन्छ। नेपालको युवा जनसङ्ख्या ठूलो छ। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा १६ देखि ४० वर्ष उमेर समूहका युवाको जनसङ्ख्या कुल जनसङ्ख्याको ४२ दशमलव ५६ प्रतिशत अर्थात् एक करोड २४ लाख १२ हजार १७३ छ। यो युवाशक्तिले देशको भविष्य निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। यतिबेला नेपाली युवाको मुख्य समस्या रोजगारविहीन हुनु हो। स्वदेशमा रोजगार र उद्यमशीलताको अवसर नहुँदा वार्षिक सात लाखभन्दा बढी युवा रोजगारका लागि विदेशिने गरेका छन्। विदेशिएकाले पनि अदक्ष अर्थात् कम परिश्रममा गाह्रो काम गर्न विवश छन्। सरकारले युवा लक्षित केही रोजगार कार्यक्रम ल्याएकोमा प्रभावकारी कार्यान्वयन छैन। रोजगार र उद्यमशीलता भनाइमा मात्रै सीमित छ।**

**लक्ष्यप्राप्तिका लागि केन्द्रीय समस्याहरू र सुधारका सम्भावित पाइलाहरूतर्फ अग्रसरता जरुरी छ। पहिलो कुरा मुलुकमा शिक्षाको पाठ्यक्रम र गुणस्तर सुधार अति आवश्यक छ। हाम्रो शिक्षा प्रणाली व्यावसायिक र प्राविधिक शिक्षा साथै व्यावहारिक दक्षता हासिल गराउने किसिमको हुनुपर्छ। यसले युवालाई रोजगारका अवसरहरूको लागि तयार बनाउँछ र उद्यमशीलतातर्फ प्रोत्साहन गर्छ। युवालाई स्वरोजगार बन्ने वातावरण तयार गर्ने किसिमको नीति र योजनाहरू तय गर्नुपर्छ, जसको प्रभावकारी कार्यान्वयनतर्फ राज्य लागिपर्नुपर्छ। त्यसैगरी, राजनीतिक सहभागिता र नेतृत्वमा युवाको समावेशी सहभागितातर्फ ध्यान दिनु जरुरी छ। युवाको समग्र उत्थान र राष्ट्रनिर्माणका लागि ठोस कदम चाल्न जति विलम्ब भयो, मुलुकको प्रगतिमा त्यति नै विलम्ब हुनेछ।**

# बङ्गलादेश भर्सेज नेपाल–१

**स्वतन्त्र विचार**



**विनोद गुप्ता**

**दक्षिण एशियामा राजनैतिक दलहरूले एक आपसमा जतिसुकै लडाइ गरे पनि जनता वा मतदाताले त्यति वास्ता गर्दैनन् तर आक्रमण आम नागरिकमाथि भयो भने उनीहरू चुप लागेर बस्दैनन्। भ्रष्टाचारको फाइल र विद्युत्को बक्यौता यस्तै दुईवटा इस्यु बन्न पुगेको छ नेपालमा।**

सन् १९४७ मा पूर्वी बङ्गालका एकजना राष्ट्रवादी नेता शेख मुजिर्बरहमानकी छोरीको रूपमा हसिनाको जन्म भएको थियो। सन् १९७१ मा पूर्वी बङ्गाललाई पाकिस्तानबाट स्वतन्त्रता दिलाउने आन्दोलनको नेतृत्व गर्दै शेख मुजिर्बरहमान बङ्गलादेशको पहिलो राष्ट्रपति बन्दा शेख हसिना भने ढाका विश्वविद्यालयमा विद्यार्थी नेतृत्वको रूपमा स्थापित भइसकेकी थिइन्। तर सन् १९७५ मैं भएको सैनिक विद्रोहमा उनका पितालगायत परिवारका अधिकांश सदस्यको हत्या भएको थियो भने हसिना र उनकी बहिनी विदेश भ्रमणमा रहेका कारण बाँच्न सफल भई भारतमा सन् १९८१ सम्म निर्वासित जीवनयापन गरी बङ्गलादेश फर्केर आफ्नो पिताद्वारा स्थापित अवामी लिगलाई नेतृत्व प्रदान गर्न थालिन् र जनरल इरशादको सैनिक शासनकालमा प्रजातन्त्रको स्थापनार्थ हुने गरेको विरोध प्रदर्शनमा अन्य राजनैतिक दलसँग पनि हातेमालो गर्दै बङ्गलादेशको नेशनल आइकन बन्न पुगेकी हुन्। त्यसपछि १९९६ मा सत्तामा निर्वाचित भएपछि भारतसँगको पानी बाँडफाँडको सम्झौता र दक्षिण पूर्वमा आदिवासी विद्रोहीसँग सम्झौता गरी यथेष्ट लोकप्रियता हासिल गरेकी थिइन्। तर त्यसपछि उनीमाथि भारतयि समर्थक भएको र भ्रष्टाचारमा लिप्त भएको आरोप लाग्न थाल्यो र अन्ततः २००१ मा भएको निर्वाचनमा बेगल खालिदा जियाको बङ्गलादेश नेशनलिस्ट पार्टीसँग पराजित हुन पुगिन्। तर पुनः २००९ मा भएको चुनावमा विजय हासिल गरेर सत्तामा फर्किन्। यसरी करीब १५ वर्ष निरन्तर सत्तामा रहँदा उनले बङ्गलादेशलाई विश्वकै गरीबमध्येको एक भएको अवस्थाबाट उकासेर पछिल्लो एक दशकमा प्रतिव्यक्ति आय तीन गुणाले बढाउँदै सन् २०३१ सम्म चार हजार डलर प्रतिव्यक्ति पुऱ्याउने लक्ष्यका साथ काम गरिरहेकी थिइन्।

बितेको २० वर्षमा करीब २.५ करोड जनता गरीबीको रेखाभन्दा माथि उठेका छन् भने पछिल्लो दशकमा युरोप, उत्तरी अमेरिका र एशियाका कपडा बजारमा करीब-करीब एकाधिपत्य नै कायम गरेको यो देशले आर्थिक वृद्धिदरमा भारतलाईसमेत उछिनिसकेको छ। उनको कार्यकालको कोशेढुङ्गाको रूपमा २.९ अर्ब डलरको आफ्नै आन्तरिक स्रोत साधन र प्रविधिबाट निर्माण गरिएको पद्या नदी माथिको पुललाई मानिएको छ। तर कोभिडपछि बङ्गलादेशमा महँगी अनियन्त्रितरूपमा बढ्न थालेकोले जीवनयापन कठिन हुँदै गएको, मुद्रास्फीति आकाशिएको थियो भने विदेशी मुद्राको सञ्चिति घट्दो क्रममा रहन थालेको र सन् २०१६ को तुलनामा वैदेशिक ऋण दोब्बर बढेकोले अर्थ व्यवस्था कमजोर बन्दै गएको थियो। त्यस्तै शिक्षित बेरोजगारीहरूको कुरा गर्दा कलेजबाट प्रतिवर्ष निस्कने चार लाख युवाहरूको लागि पुग नपुग सरकारी सेवामा तीन हजार पदमात्र उपलब्ध भइरहेको थियो। यस्तोमा सरकारी पदहरूमा ३० प्रतिशत सिट स्वतन्त्रता सेनानीका सन्तानहरूलाई उपलब्ध गराउने भनी भएको निर्णयले आन्तरिक वातावरणमा आगोमा घ्यू थप्ने कार्य गऱ्यो भने आफ्नो चौथोपटकको निर्वाचनका दौरान आफ्नो प्रजातान्त्रिक छविलाई धूमिल पार्दै शेख हसिनाले विपक्षले चुनाव बहिष्कारको घोषणा गरे पनि विरोधीहरूलाई थुन्दै एकतर्फीरूपमा चुनाव गराई आफ्नो दललाई विजयी घोषित गराउन सफल भएकी हुन्। तर अमेरिका एवं बेलायतले यस निर्वाचनको निष्पक्षतामाथि प्रश्न खडा गर्नुका साथै मानव अधिकार हनन र प्रेस स्वतन्त्रतासम्बन्धी कुरालाई लिएर पश्चिमाहरूसँग सम्बन्ध सामान्य रहेको थिएन। तथापि भारत एवं चीनसँग समदूरीमैं मित्रतापूर्ण सम्बन्ध बनाउन सफल भएकी थिइन्। तुलनात्मकरूपमा हेर्दा बङ्गलादेशसँगको भारतको सम्बन्ध आर्थिकभन्दा पनि राजनैतिक र रणनीतिक बढी देखिन्छ। चीनले सन् २०२३ सम्म करीब तीन अर्ब डलरसम्मको लगानी गरी सातवटा रेलमार्ग, १२ वटा राजमार्ग, २१ वटा पुल र २१ वटा विद्युत् गृह निर्माणमा जुटेको पाइन्छ। तर यही जुलाई महीनामा शेख हसिनाको चीन भ्रमणमा अपेक्षित सहयोग नपाइनुका साथै उचित सम्मान नपाएको र चिनियाँ राष्ट्रपतिसँग भेटघाटको समयसमेत मिल्न नसक्नुलाई आफ्नो अपमानको रूपमा लिंदै चीनबाट फर्केपछि गरेको भारत भ्रमणका दौरान भारत र चीन दुवैले समानरूपमा रुचि देखाएको, टिस्टा परियोजना भारतबाट सम्पन्न गराउन रुचि देखाएकोले चीनसँगको सम्बन्धसमेत बिग्रन पुगेको विश्लेषकहरूको भनाइ सार्वजनिक भएको छ। आन्तरिक अर्थतन्त्र कमजोर र अर्थतन्त्र र असन्तुलित विदेश नीतिको कारणले नै टुङ्गो लागिसकेको आरक्षणको मुद्दालाई आधार बनाएर बङ्गलादेशमा यत्रो परिवर्तन भएको हो भन्ने विचारहरू सार्वजनिक भइरहेका छन्।

शेख हसिनाका छोरा साजीवको भनाइ अनुसार पाकिस्तानी गुप्तचर संस्था आइएसआईले बिएमपीका कार्यवाहक प्रमुख तारिक अनवरसँग लन्दनमा भेटघाट गरेको तथा साउदी अरबमा आइएसआई तथा तारिकबीच भएको भेटको प्रमाणसमेत रहेको दाबी गर्दै पुरानो पाकिस्तान बनाउने षड्यन्त्र भइरहेको भनाइ सार्वजनिक गरेका छन् भने अर्कोतिर भारतीय राजनयिकहरूले पनि हालको आन्दोलनलाई सावधानीपूर्वक बनाइएको सुनियोजित रणनीति भएको स्विकारेका छन्।

बङ्गलादेशमा भएको यस परिवर्तनबाट भारत सबैभन्दा बढी सशङ्कित भएको छ किनभने यस घटनापछि भूराजनीतिकरूपमा दक्षिण एशियाको क्षेत्रीय सन्तुलनमा चीन हावी हुने स्थिति देखा पर्दछ। मालद्विप्समा राष्ट्रपति मोइजूको उदयपछि बाध्यतामा भारतीय सैनिकको बहिर्गमन, श्रीलङ्कामा राजपाक्षे खण्डको अन्त, म्यान्मामा प्रजातन्त्रको अन्त्य, अफगानिस्तानमा तालीबानको आधिपत्य र चीनको तालीबानलाई समर्थन एवं भारत–पाकिस्तान सम्बन्धका साथै २०१५ देखि नै नेपाल–भारत सम्बन्धमा देखापरेको उतारचढाव र प्रचण्डको सत्ता बहिर्गमनका घटनाहरूले वास्तवमा क्षेत्रीय स्तरमा भारतको प्रभाव घटेको बुझिन्छ। हाम्रो चासो नेपालसम्म सीमित राख्दा समेत कोभिडपछि कै आर्थिक अवस्थामा नेपाल रहेकोमा वैदेशिक रोजगारको लर्कोले सेफ्टि भल्भको काम गर्दै आएकोमा अब बनेको गठबन्धन सरकारको भ्रष्टाचारसम्बन्धी फाइलप्रतिको रवैया र विद्युत् प्राधिकरणको ऋण असुलीलाई जनता पर्खिबसेको छ। वर्तमान सरकार उत्तरको मनपराइमा नरहेकोले आगो यहाँ पनि जुनसुकै बेला सल्किन सक्ने अवस्था छ। यसमा बिआरआईको पनि महत्त्वपूर्ण भूमिका छ। बङ्गलादेशको पाठबाट सरकारले के सिक्न जरुरी छ भने दक्षिण एशियामा राजनैतिक दलहरूले एक आपसमा जतिसुकै लडाइ गरे पनि जनता वा मतदाताले त्यति वास्ता गर्दैनन् तर आक्रमण आम नागरिकमाथि भयो भने उनीहरू चुप लागेर बस्दैनन्। भ्रष्टाचारको फाइल र विद्युत्को बक्यौता यस्तै दुईवटा इस्यु बन्न पुगेको छ नेपालमा।

# डेङ्गी र हैजा महामारीका रूपमा फैलन नदिन स्वास्थ्य मन्त्रालय सक्रिय

काठमाडौं, २९ साउन/रासस

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले देशका विभिन्न भागमा हैजा तथा डेङ्गीको सङ्क्रमण देखिन थालेपछि यसलाई महामारीका रूपमा बढ्न नदिन काम थालेको छ।

मन्त्री प्रदीप पौडेलले डेङ्गी तथा हैजाका बिरामी बढ्न थालेपछि मन्त्रालयका तर्फबाट तत्काल प्रभावकारी कदम चाल्न निर्देशन दिएका छन्। त्यसलगत्तै मन्त्रालयले तत्कालीन र दीर्घकालीन कदम अघि बढाएको हो। मन्त्रालयका अनुसार हैजा नियन्त्रणका लागि इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको नेतृत्वमा प्रदेश र स्थानीय तहसँग सहकार्य गर्दै प्रभावित क्षेत्रमा द्रुत प्रतिकार्य टोली परिचालित भएर काम गरिरहेको छ।

टोलीहरूले बिरामीको खोजी र प्रत्यक्ष सम्पर्कमा रहेका व्यक्तिमा लक्षणको निगरानी गरिरहेका छन्। यसले हैजा थप फैलन नदिन र सङ्क्रमण देखिएको स्थानमा पनि नियन्त्रण गर्ने लक्ष्य लिएको मन्त्रालयले जनाएको छ। पानीका कारण देखिने रोग नियन्त्रणका लागि खानेपानीको गुणस्तर सुधार गर्न सम्बन्धित स्थानका जिम्मेवार सरोकारवालासँग छलफल गरेर तत्काल काम थालिएको मन्त्री पौडेलको सचिवालयले जनाएको छ।

आगामी दिनमा थप समस्या आउन नदिन केन्द्रीय, प्रदेश तथा स्थानीय तहमा र खाद्य गुणस्तर निगरानी तथा अनुगमन कार्यलाई प्रभावकारी बनाउने योजना बनाएको मन्त्रालयले राष्ट्रिय हैजा नियन्त्रण/रोकथाम योजना २०२४–२०३० बनाई सो सम्बन्धी आवश्यक कार्य गर्ने तयारी गरिरहेको छ।

देशका विभिन्न भागमा लामखुट्टेका कारण फैलिएको डेङ्गी प्रकोप नियन्त्रणका लागि लामखुट्टे नियन्त्रणमा प्राथमिकता दिइएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

यसका लागि सातै प्रदेशमा डेङ्गी परीक्षणका लागि प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइएको मन्त्रालयले उल्लेख गरेको छ।

डेङ्गी नियन्त्रणका लागि विनियोजित रु १० करोडबाट प्रदेशसँगै स्थानीय तहमा समेत लामखुट्टेको वासस्थान नियन्त्रण अभियानलाई तीव्रता दिइएको मन्त्रालयले उल्लेख गरेको छ। प्रशिक्षण दिइएका एक हजार चिकित्सक तथा स्वास्थ्यकर्मीलाई नियन्त्रण एवं निदानमा परिचालन गरेको मन्त्रालयले सङ्घीय अस्पताल, प्रतिष्ठान तथा मेडिकल कलेजमा डेङ्गी नियन्त्रणका लागि सम्पर्क व्यक्ति तोकेर समस्या देखिएमा तत्काल रोकथामको कदम चाल्ने प्रबन्ध गरेको जनाएको छ।

हालसम्म मुस्ताङ, डोल्पा, हुम्ला र जुम्लाबाहेक ७३ जिल्लामा तीन हजार तीन सयभन्दा बढी मानिसमा डेङ्गी सङ्क्रमण पुष्टि भएको छ। त्यसमा एकजनाको मृत्यु भएको छ। डेङ्गी नियन्त्रणका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकार्य सुदृढ बनाउन मन्त्रालयले डेङ्गी रोकथाम तथा नियन्त्रण कार्ययोजना, २०८१ तयार गरी सबै प्रदेश र स्थानीय तहमा पठाइसकेको छ।

मन्त्रालयले बढी जोखिम देखिएका १३ जिल्लाका १२६ स्थानीय तहमा डेङ्गी नियन्त्रणका लागि विशेष प्राथमिकता दिएर अल्पकालीन र दीर्घकालीन योजनासमेत तयार पार्न प्रक्रिया थालेको छ।

हाल डेङ्गी नियन्त्रणमा मन्त्रालयले डेङ्गीबारे जनचेतना फैलाउन नेपाली भाषासहित १३ अन्य भाषामा रेडियो सन्देश प्रसारण गरिरहेको छ। साथै बिरामीका समस्या र जिज्ञासा समाधान गर्न टोल फ्री हटलाइन १११५ सञ्चालन गरिएको छ।

मन्त्रालयले डेङ्गी परीक्षणका लागि पर्याप्त निश्शुल्क किट उपलब्ध गराउँदै जोखिममा रहेका जिल्लामा डेङ्गी रोकथाम तथा नियन्त्रण कार्ययोजना २०८१ समेत कार्यान्वयनमा ल्याएको छ।

# २५ मेगावाटको सेती जलविद्युत् आयोजना सम्पन्न : परीक्षण उत्पादन शुरू हुँदै

कास्की, २९ साउन/रासस

२५ मेगावाट क्षमताको सेती नदी जलविद्युत् आयोजना निर्माण सम्पन्न भएको छ। कास्कीको माछापुच्छ्रे गाउँपालिका–२ सार्दी खोलामा आयोजनाको निर्माण सकिएर परीक्षण शुरू भएको हो। आयोजनाको सिभिल, हाइड्रोमेकानिकल तथा ट्रान्समिशन लाइन निर्माणको सम्पूर्ण निर्माण सकिएर अहिले यान्त्रिक परीक्षणको काम भइरहेको प्रवर्द्धक भिजन लुम्बिनी ऊर्जा कम्पनी लिमिटेडले जनाएको छ।

"आयोजनाको निर्माणतर्फका सबै काम सकिएको छ। यही साउन ३० गते पेनस्टक पाइपमा पानी हाल्छौं। त्यसपछि वेट टेस्ट (पानी भरेर परीक्षण तथा टर्बाइन घुमाउने) शुरू हुन्छ"–प्रवर्द्धक भिजन लुम्बिनी ऊर्जा कम्पनीका कार्यकारी अध्यक्ष जगतबहादुर पोखरेलले भने।

'वेट टेस्ट'को काम सकिएको दुई साताभित्र परीक्षण उत्पादन शुरू हुने कम्पनीले जनाएको छ। त्यसपछि आयोजनाको व्यावसायिक उत्पादन हुनेछ। सार्दी खोलाको भराभरीस्थित सेती नदीमा बाँध निर्माण गरी सेतीको पानी छ हजार चार सय मिटर लामो भूमिगत पाइपमार्फत ल्याएर १८७ मिटर उचाइबाट चिन्तेबगरमा रहेको पावरहाउसमा खसालेर विद्युत् उत्पादन गरिनेछ। पाइपमार्फत लगिएको पानी पावरहाउसमा रहने १२.५ मेगावाट क्षमताका दुईवटा टर्बाइनमा खसालिनेछ। सो आयोजना नदी जलप्रवाहमा आधारित छ।

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# यातायात कार्यालय मलङ्गवाद्वारा रु छ करोड बढी राजस्व सङ्कलन

बरहथवा (सर्लाही), २९ साउन/रासस

यातायात व्यवस्था कार्यालय मलङ्गवाले गत आर्थिक वर्ष २०८०/८१ मा रु छ करोड बढी राजस्व सङ्कलन गरेको छ। गत आवमा यस कार्यालयले रु छ करोड ३६ लाख ५८ हजार ९१ बराबरको राजस्व सङ्कलन गरेको कार्यालय प्रमुख राकेशकुमार यादवले जानकारी दिए। उनका अनुसार यस कार्यालयमा भाडाका सवारीबाट आयकरबापत रु १४ लाख १५ हजार पाँच सय राजस्व सङ्कलन भएको छ।

यस्तै पटके, रुट परमिटलगायत कारबाईबाट रु दुई लाख ९२ हजार ८४०, चालक अनुमतिपत्र र सवारी दर्ता किताब नवीकरणबापत रु एक करोड ४६ लाख ३८ हजार ३१५ सङ्कलन भएको कार्यालय प्रमुख यादवले बताए। सवारीसाधन करबाट रु चार करोड ७३ लाख ११ हजार ४३६ राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ।

कार्यालयले गत आवको चैत मसान्तको एक दिनमा रु ७० लाख बढी राजस्व सङ्कलन गरेको थियो। समयमै सवारी किताब नवीकरण नगरेका तथा सवारी कर नतिरेका सेवाग्राहीलाई मधेस प्रदेश सरकारले जरिवाना रकम मिनाहा गरेको थियो। जरिवाना मिनाहासम्बन्धी




ढिला गरेर जानकारी पाएका सेवाग्राहीको राति १२ बजेसम्म मलङ्गवा कार्यालयमा भीड लागेको थियो। उक्त दिन रु ७० लाख बढी राजस्व सङ्कलन भएको कार्यालय प्रमुख यादवले बताए।

"हामीले चैत मसान्तमा एकै दिन रु ७० लाखसम्म राजस्व सङ्कलन गरेका थियौँ," उनले भने, "राति १२ बजेसम्म कार्यालयमा बसेर सेवा दिएका थियौँ। जेठ ४ गतेबाट चालक अनुमतिपत्र परीक्षा (ट्रायल)समेत शुरु गरेका छौँ। यसले सेवाग्राहीलाई थप सुविधा पुगेको छ भने राजस्व सङ्कलन दायरा फराकिलो भएको छ।" विसं २०८० मङ्सिर २७ गते स्थापना भई यस कार्यालयले सेवा प्रारम्भ गरेको हो। हरिवन नगरपालिका–३ निवासी रमा कोइरालाले यातायात सेवा कार्यालयको सेवा प्रभावकारी भएको जानकारी दिइन्। यसभन्दा अगाडि यातायातसम्बन्धी सेवाका लागि यहाँका सेवाग्राहीलाई वीरगंज, जनकपुर, बर्दिबाससम्म धाउनुपर्ने बाध्यता थियो।

# सेनाद्वारा मधेस प्रदेशमा वृक्षारोपण अभियान सञ्चालन

महोत्तरी, २९ साउन/रासस

नेपाली सेनाले बृहत् वृक्षारोपण अभियान अन्तर्गत मधेस प्रदेशमा यस वर्षको बर्खायाममा हालसम्म ६० हजारको सङ्ख्यामा वृक्षारोपण गरेको छ। मधेस प्रदेशमा प्रकृति संरक्षण र हरियाली प्रवर्द्धन शुरु गरिएको बृहत् वृक्षारोपण अभियानमा पछिल्लो असार र साउनमा उक्त सङ्ख्यामा वृक्षारोपण गरिएको सेनाको मध्यपूर्वी पृतना हेडक्वार्टर बर्दिबास महोत्तरीले जनाएको छ।

सेनाले साउनको चौथो साताभित्र महोत्तरी र धनुषाको सीमाक्षेत्रमा पर्ने धनुषाको मिथिला–११ को मोतीखोला सामुदायिक वन क्षेत्र र बगरटोलमा गरी सात बिघा क्षेत्रफलमा १० हजारको सङ्ख्यामा वृक्षारोपण गरेको जनाएको छ। यहाँ गत बिहीवार मधेसका मुख्यमन्त्री सतीशकुमार सिंहबाट वृक्षारोपण थालिएको थियो। यसअघि असारमा सिराहाको मिर्चैया–६, ७ को पर्ती जग्गामा ५० हजारको सङ्ख्यामा वृक्षारोपण रोपिएको पृतनाका सहायक रथी प्रकाशबहादुर चन्दले जानकारी दिए। वृक्षारोपण गरिएका दुवै ठाउँ चुरे क्षेत्र हुन्।

चुरे मधेसको जीवन रहेको हुँदा यसको संरक्षणका लागि सघन वृक्षारोपण पहिलो अभिभारा रहेको सेनाको ठम्याइ छ। चुरेका प्राकृतिक स्रोत जमीन, पानी, चरन क्षेत्र र प्राणीको संरक्षण, जीविकाका लागि रुखबिरुवा अनिवार्य भएको सहायक रथी चन्दको भनाइ छ। रोपिएका बिरुवाहरुमा मलेशियन साल, टीक, खयर, अमला र बाँस छन्।

वृक्षारोपणले अब वन क्षेत्र हराभरा बनाउन सहयोग पुग्ने मोतीखोला सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष खड्कबहादुर विश्वकर्माको विश्वास छ। वन क्षेत्रनजीकको पर्ती जग्गामा अमला रोपिएको छ। यसले बस्ती पसेर हैरान गर्ने बाँदरले केही वर्षभित्रै जङ्गलमै पर्याप्त भोजन पाउने आशा गरिएको छ।

भिरालो जग्गामा रोपिएको बाँस झ्याङ्गिँदै गएपछि पाखाको माटो बग्ने र पहिरो जाने क्रम पातलिने स्थानीय बताउँछन्। यो अभियान मधेसका आठै जिल्लामा सञ्चालन गरिने सहायक रथी चन्दको भनाइ छ।

# आफ्नै ठाउँमा सेवा पाउन थालेपछि स्थानीय खुसी

जलेश्वर (महोत्तरी), २९ साउन/रासस

जिल्लाको गौशाला नगरपालिकामा मालपोत तथा नापी कार्यालयको कामकाज शुरु भएसँगै त्यस क्षेत्रका स्थानीय बासिन्दा खुशी भएका छन्।

वर्षौंदेखि ४० किलोमिटर टाढा रहेको सदरमुकाम जलेश्वरस्थित मालपोत र नापी कार्यालयबाट भूमिसम्बन्धी सेवा लिन बाध्य रहेका त्यस क्षेत्रका बासिन्दा अब मङ्गलवारदेखि आफ्नै गाउँठाउँमा सेवा प्राप्त गर्न थालेपछि खुशी भएका छन्।

महोत्तरीका गौशाला नगरपालिका, औरही नगरपालिका, सम्सी गाउँपालिका र सोनमा गाउँपालिकाका जग्गाको खरीद–बिक्री, नामसारी, कित्ताकाट, अंशबन्डा, राजीनामा पासलगायत काम गौशाला बजारस्थित मालपोत र नापी कार्यालयबाट हुनेगरी प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले कार्यालयको उद्घाटन गरे।

आजदेखि त्यस क्षेत्रका चार पालिकाका हजारौं जनताका जग्गासम्बन्धी सबै कामकाज अब गौशालाबाट शुरु भएको छ। सोमवार मालपोत र नापी दुवै कार्यालयको उद्घाटन भएसँगै आजदेखि त्यस क्षेत्रका गौशाला नगरपालिका, औरही नगरपालिका, सम्सी गाउँपालिका र सोनमा गाउँपालिकाका जग्गाको खरीद, बिक्री, नामसारी, कित्ताकाट, अंशबन्डा, राजीनामा पास, दृष्टिबन्धक पासलगायत कामहरु शुरु भएको हो।

गौशाला निवासी हजारी साहले वर्षौंदेखि जग्गासम्बन्धी सानोतिनो कामदेखि ठूलठूला सबै कामका लागि ४० किलोमिटर टाढा सदरमुकाम जलेश्वर जानुपर्ने बाध्यता अब आफ्नै स्थानीय तहमा मालपोत र नापी आएपछि हटेको तथा यसले आफूहरु निकै खुशी भएको बताए।

औरहीका धर्मेन्द्र यादवले पनि आफ्नो पालिकालाई पायक पर्ने गौशालामा यस क्षेत्रका मालपोत र नापीसँग सम्बन्धित जग्गाका सम्पूर्ण कामकाज हुन थालेपछि आफूहरुको समय, पैसा र श्रमको बचत भएको तथा यसले आम जनमानसमा निकै खुशी ल्याएको बताए।

सम्सीका विजय यादवले जग्गासम्बन्धी कामकाजका लागि सदरमुकाम जलेश्वरस्थित मालपोत र नापी कार्यालयमा भर पर्दै आएको व्यवस्थाको अन्त्य भएर आम जनताले आफ्नै गाउँपालिकाको पायक पर्ने ठाउँमा सेवा प्राप्त गर्न थालेपछि एउटै कामका लागि तीन/चार दिनसम्म पनि जलेश्वर धाउने झन्झटबाट मुक्ति मिलेको र अतिरिक्त पैसा, समय तथा श्रमको बचत भएको बताए।

# नेप्से परिसूचक र कारोबार रकम दुवै घट्यो

काठमाडौं, २९ साउन/रासस

यो साताको प्रारम्भमा सर्वाधिक कारोबार रकमसहित उच्च अङ्क बढेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक मङ्गलवार भने सामान्य अङ्ले घटेको छ। नेप्से परिसूचकसँगै कारोबार रकममा पनि गिरावट आएको छ।

आज नेप्से परिसूचक आठ दशमलव १८ अङ्कले घटेर दुई हजार ९२३ दशमलव ४६ बिन्दुमा कायम भएको हो। ३३२ कम्पनीको रु पाँच करोड २७ लाख ६४ हजार ८३२ कित्ता शेयर दुई लाख ४१ हजार ६६५ पटक खरीद–बिक्री हुँदा रु २१ अर्ब ५१ करोड ५० लाख १० हजार ६३३ बराबरको कारोबार भएको छ।

नेप्सेका अनुसार बैकिङ शून्य दशमलव ४५, वित्त एक दशमलव ५७, लगानी शून्य दशमलव ०८, व्यापार शून्य दशमलव ०६ र जीवन बीमा शून्य दशमलव ५४ प्रतिशतले बढेका छन् भने अरु सबै समूहका उपसूचक घटेका छन्। विकास बैंक एक दशमलव ३६, होटल तथा पर्यटन दुई दशमलव २५, जलविद्युत् शून्य दशमलव ३५ र उत्पादन तथा प्रशोधन समूह एक दशमलव ४० प्रतिशतले घटेका छन्।

त्यसैगरी, लघुवित्त एक दशमलव १३, म्युचुअल फन्ड शून्य दशमलव ०७,

(बाँकी पाँचौं पातामा)

# पाठ्यपुस्तक बिक्रीमा कमी

जनकपुरधाम, २९ साउन/रासस

सरकारको पूर्ण स्वामित्वमा रहेको जनक शिक्षा सामग्री केन्द्र प्रादेशिक कार्यालय, जनकपुरधाममा विगतको तुलनामा शैक्षिक सत्र २०८१ मा पाठ्यपुस्तक बिक्रीमा रु दुई करोड ७० लाखले कमी आएको छ।

सो कार्यालयले गत शैक्षिक सत्र २०८० मा रु २६ करोड मूल्य बराबरको किताब बिक्री गरेको थियो। यस वर्ष रु २३ करोड ३० लाख मूल्य बराबरको किताब बिक्री गरेको बताइएको छ। गत शैक्षिक सत्र २०८० को तुलनामा शैक्षिक सत्र २०८१ मा रु दुई करोड ७० लाखले पाठ्यपुस्तक बिक्रीमा कमी आएको हो। यस वर्षको वैशाखदेखि असारसम्म पाठ्यपुस्तक बिक्री भएको हो।

कार्यालयका अनुसार चालु शैक्षिक सत्र २०८१ मा कार्यालयले कक्षा १ देखि १२ सम्मका लागि २२ लाख ६४ हजार ६८३ थान पाठ्यपुस्तक बिक्री गरेको छ। मधेस प्रदेशका आठ जिल्लालगायत पहाडी जिल्ला ओखलढुङ्गा, उदयपुर र सिन्धुलीमा रहेका ९६ आधिकारिक विक्रेतामार्फत सो पाठ्यपुस्तक बिक्री भएको कार्यालयका प्रमुख रुद्र खनालले बताए।

विद्यार्थीहरुसँग पुरानो पाठ्यपुस्तक भएको तथा विद्यार्थीहरुले बीचमा पढाइ छाडेकाले शैक्षिक सत्र २०८० को तुलनामा यस शैक्षिक सत्रमा पाठ्यपुस्तक बिक्रीमा कमी आएको अनुमान खनालको छ। अहिले सो कार्यालयसँग ३५ प्रतिशत अर्थात् आठ लाख थान पाठ्यपुस्तक मौज्दात छ।

# ट्रक दुर्घटनामा चालकको ज्यान गयो

प्रस, सप्तरी, २९ साउन/

मङ्गलवार बिहान सप्तरीमा ट्रक दुर्घटना हुँदा चालकको मृत्यु भएको छ। मृत्यु हुनेमा ट्रक चालक मोरङको उर्लाबारी नगरपालिका वडा नं १ निवासी २५ वर्षीय सबिन राई रहेको जिल्ला प्रहरी कार्यालय, सप्तरीले जनाएको छ।

जिप्रका, सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक ढुण्डीराज न्यौपानेका अनुसार बिहान करीब ६:३० बजेको समयमा पूर्व–पश्चिम राजमार्ग अन्तर्गत सप्तरीको शम्भुनाथ नगरपालिका–५ स्थित सडकमा ट्रक दुर्घटना भएको हो। पूर्वतर्फ जाँदै गरेको मधेस प्रदेश–०३–००१ ख ८१८१ नम्बरको क्लिङ्कर लोड १२ चक्के ट्रक सडकबाट करीब २० मिटर तल खसेको हो।

ट्रकभित्र चेपिएका चालकको घटनास्थलमै मृत्यु भएको हो। क्रेन र जेसिबी प्रयोग गरेर शव निकालिएको प्रहरीले जनाएको छ।

# करणी गर्न खोजेको आरोपमा पक्राउ

प्रस, सिराहा, २९ साउन/

१५ वर्षीया एक किशोरीलाई जबरजस्ती करणी गर्न खोजेको आरोपमा प्रहरीले २२ वर्षीय एक युवकलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा कर्जन्हा नगरपालिका वडा नं ४ बडहरा निवासी सुशील सदाय रहेको जिल्ला प्रहरी कार्यालय, सिराहाले जनाएको छ। घटनापछि फरार रहेका युवकलाई विशेष सूचनाको आधारमा उनकै घरबाट पक्राउ गरिएको सिराहाका प्रहरी उपरीक्षक रमेश पण्डितले जानकारी दिए।

इलाका प्रहरी कार्यालय, बन्दीपुरको टोलीले पक्राउ गरेको आरोपी सदायबारे प्रहरीले मङ्गलवार जानकारी गराएको हो।



**हयाजिमार क्षेत्र:** नेपाल–चीन सिमाना नाक्चेलाग्नाबाट नजीकै रहेको चीनको हयाजिमार क्षेत्र। साउन १७ गतेबाट चलेको १५ दिने हाटबजारका लागि बस्न, सामान किनबेच गर्न व्यापारीहरुले पालहरु टाँगेका छन्। तस्बिर: नृपेन्द्रबहादुर मल्ल/रासस


Samriddhi Finance
Partnership for Prosperity

## समृद्धि फाइनान्स कम्पनी लिमिटेड

मुख्य कार्यालय, हेटौंडा, मकवानपुर

## कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना

मितिः २०८१/०४/३०

यस समृद्धि फाइनान्स कम्पनी लिमिटेडका तपसिलमा उल्लिखित तपाई ऋणीहरुले कर्जा उपभोग गर्दै आउनुभएकोमा उक्त कर्जाको यस वित्तीय संस्थालाई समयसमयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि भुक्तान गर्न आउन तपाईंलाई पटकपटक लिखित एवं मौखिकरूपमा सूचना गरी तरताकेता गर्दासमेत ऋण कर्जा चुक्ता भुक्तान गर्न चासो नदेखाइ बेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सो अवधिभित्र वित्तीय संस्थामा उपस्थित हुनु भई तपाई ऋणीले बुझाउनुपर्ने सम्पूर्ण कर्जा रकम सोको ब्याज तथा दैदस्तुरसमेत चुक्ता गरी आफ्नो धितो सम्पत्ति फुकुवा गरिलिनुहुन सूचित गरिन्छ। अन्यथा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको कालोसूचीसम्बन्धी निर्देशन तथा संस्थाको कर्जा असुली तथा धितो गैरबैंकिङ सम्पत्ति बिक्रीसम्बन्धी कार्यविधिलगायत प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी, व्यक्तिगत जमानीकर्तासमेतलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखी अन्य कानूनी कारवाईसमेत अगाडि बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै व्यक्तिगत जमानीकर्ता, धितोकर्ता तथा सरोकारवालाहरुले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला।

तपसिल

| | | |
|---|---|---|
| नामः माया तितुङ<br>ससुराः पदमबहादुर तितुङ<br>पतिः सुवासचन्द्र तितुङ<br>स्थायी ठेगानाः मनहरी–३, मकवानपुर<br>हालको ठेगानाः मनहरी–७, मकवानपुर<br>ना.प्र.नं: ३११०१९/५४१३६<br>जारी जिल्ला/मितिः मकवानपुर/२०६५/०८/०८ | महिला उद्यमशील कर्जा, हेटौंडा | नामः सुवासचन्द्र तितुङ<br>बाजेः ज्ञानबहादुर तितुङ<br>बुबाः पदमबहादुर तितुङ<br>स्थायी ठेगानाः मनहरी–४, मकवानपुर<br>हालको ठेगानाः मनहरी–७, मकवानपुर<br>ना.प्र.न : ३०/१०८६<br>जिल्लाः मकवानपुर, जारी मितिः २०५८/०४/३१ |
| नामः यादव डिम्डुङ<br>बाबुको नामः अम्बरबहादुर डिम्डुङ<br>बाजे नामः मोहनलाल डिम्डुङ<br>ना.प्र. नं.: १२/८८३८, मकवानपुर<br>जारी मिति : २०६०/०८/०९<br>धितोको विवरण<br>केसाङ वाईवाको नाममा रहेको रातमाटे–८, मकवानपुरको कित्ता नं. ६५८, क्षे.फ. ०–३–० (तीन कट्ठा) र यादव डिम्डुङको नाममा रहेको रातमाटे–९, मकवानपुरको किता नं. १२९७, क्षे.फ. ०–०–१० (दश धुर) जग्गा। | घर कर्जा र व्यक्तिगत कर्जा, हेटौंडा | नामः केसाङ वाईवा<br>ना प्र नं. ३८/२५९०६, मकवानपुर<br>जारी मिति २०६२/०५/०६<br>पतिको नामः यादव डिम्डुङ<br>बुबाको नामः सूर्यबहादुर वाईवा<br>ससुराको नामः अम्बरबहादुर डिम्डुङ<br>स्थायी ठेगाना : चुरियामाई–९, मकवानपुर |
| नामः उमेशकुमार कार्की<br>बाजेः चन्द्रबहादुर कार्की<br>बुबाः हेमबहादुर कार्की<br>स्थायी ठेगानाः सोलुखुम्बु जिल्ला तिङ्ला गा.वि.स. ४<br>अस्थायी ठेगानाः काठमाडौं जिल्ला का.म.न.पा. १५<br>ना.प्र.नं./जारी जिल्ला/मितिः २०५३/०१/०६, सोलुखुम्बु ९१४–६४६२–८८८,<br>धितो विवरणः<br>Ashok Leyland Dost Strong FSD, Engine No. DMH046824P, Chasis No. MB1AA22E2MRCR2964 | हायर पर्चेज कर्जा, पुतलीसडक | नामः सङ्गीता केसी कार्की<br>ससुराः हेमबहादुर कार्की<br>पतिः उमेशकुमार कार्की<br>स्थायी ठेगानाः सोलुखुम्बु जिल्ला तिङ्ला गा.वि.स. ४<br>अस्थायी ठेगानाः काठमाडौं जिल्ला का.म.न.पा. १५<br>ना.प्र.नं./जारी जिल्ला/मितिः ११–०१–७२–०२३५७ सोलुखुम्बु, २०७२/१०/११ |

Samriddhi Finance
Partnership for Prosperity

# समृद्धि फाइनान्स कम्पनी लिमिटेड

मुख्य कार्यालय हेटौडा, मकवानपुर

## धितोमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य सिलबन्दी बोलपत्र आह्वान गरिएको ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मितिः २०८१/०४/३०

यस वित्तीय संस्थाबाट तपसिल बमोजिमको धितो राखी कर्जा लिने तपसिल बमोजिमका ऋणीले यस वित्तीय संस्थालाई समयसमयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याजलगायतका वित्तीय संस्थाको लेना रकम नबुझाइ कर्जासम्बन्धी शर्त बन्देजहरू उल्लङ्घन गर्नुभएको र पटकपटक मौखिक, लिखित, फोन तथा एसएमएसमार्फत तरताकेता गर्दासमेत कर्जाको साँवा, ब्याजलगायतका रकम चुक्ता भुक्तानी नगर्नुभएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिका करोबार दैनिकमा मिति २०८१/०२/२४ गते कर्जा चुक्ता गर्न आउनेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिए तापनि कर्जा चुक्ता नभएकोले उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेको तपसिलमा उल्लिखित चल-अचल सम्पत्ति लिलामीको लागि यो सूचना प्रकाशित गरिएको छ। अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लिखित सम्पत्तिहरू जे जस्तो अवस्थामा छन्, सोही अवस्थामा निज ऋणीले यस वित्तीय संस्थालाई लेखिएको लिखत, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३ को दफा ५७, नेपाल राष्ट्र बैंकको कालोसूचीसम्बन्धी निर्देशन तथा संस्थाको कर्जा असुली तथा गैह्रबैंकिङ सम्पत्ति बिक्रीसम्बन्धी कार्यविधि बमोजिम लिलाम बिक्री गरी निज ऋणीबाट धनी वित्तीय संस्थाले असुल गर्न बाँकी रहेको लेना रकम असुल उपर गरिने तथा सम्बन्धित ऋणी, व्यक्तिगत जमानीकर्तासमेतलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखी अन्य कानूनी कारबाईसमेत अगाडि बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै व्यक्तिगत जमानीकर्ता, धितोकर्ता तथा सरोकारवालाहरूले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला। उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरूबाट यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरूको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र पेश गर्न हुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरू यस वित्तीय संस्थामा ३६औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३ (तीन) बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी, धितोधनी तथा जमानीकर्तालाई उपस्थित हुनसमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित प्रतिनिधि, सम्बन्धित ऋणीहरू तथा व्यक्तिगत जमानीकर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्नेछैन। लिलामी कारबाई प्रक्रिया यस वित्तीय संस्थाको कर्जा नीति अनुसार अगाडि बढाइनेछ। साथै सिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणीहरू तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा तथा अन्य दैदस्तुर कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ।

तपसिल

| ऋणी तथा धितोको विवरण | कर्जा शीर्षक | व्यक्तिगत जमानी दिनेको विवरण |
|---|---|---|
| **नामः बिनादेवी लिम्बु**<br>पतिः उमेशकुमार लिम्बु<br>ससुराः धनबहादुर लिम्बु<br>स्थायी ठेगानाः इलाम जिल्ला इलाम न.पा. वडा नं. ९<br>हालको ठेगानाः इलाम जिल्ला इलाम न.पा. वडा नं. ६<br>ना.प्र.नं. ६४९५२/७८०, जि.प्र.का. इलाम जारी मिति २०५९/०२/२७<br>**धितोको विवरणः** Foton view CS2L Model BJ6609U2DDA-R4 (19 Seater Van), Engine no. 76821231, Chasis no. LVCB2NBA9MS011531<br>यस अघि सूचना प्रकाशित मिति : २०८०/११/२२ (आर्थिक दैनिक पत्रिका)<br>नामः डि एन्ड आर एग्रिकल्चरल फार्म प्रा.लि.<br>कम्पनी दर्ता नं.: १२१३७०/०७०/०७१<br>दर्ता मितिः २०७०/१२/२४<br>स्थायी लेखा नं.: ६०१८६३७४५<br>कम्पनीको ठेगानाः गोङ्गबु-५, काठमाडौं।<br>संस्थागत जमानतः डि एन्ड आर एग्रिकल्चरल फार्म प्रा.लि.<br>धितोको विवरणः डि एन्ड आर एग्रिकल्चरल फार्म प्रा.लि.को नाममा दर्ता श्रेस्ता कायम भएको सिराहा जिल्ला फुल्काहकट्टी-९, सिट नं. ९क, कि.नं.१७८० को क्षे.फ.०-५-४.५-०..........१<br>ऐ.ऐ.कि.नं.१७८७ को क्षे.फ.०-०-११-०..........१<br>ऐ.ऐ.कि.नं.१७९२ को क्षे.फ.०-०-१-०..........१<br>ऐ.ऐ.कि.नं.१७८६ क्षे.फ.०-५-८-०..........१<br>ऐ.ऐ.कि.नं. १७८१ क्षे.फ. ०-५-८-०..........१<br>ऐ.ऐ.कि.नं. १७९३ क्षे.फ. ० -०-८.५-०..........१<br>ऐ.ऐ.कि.नं. १७८८ क्षे.फ.०-५-८.५-०..........१<br>यस अघि सूचना प्रकाशित मिति : २०८१/०२/२२ (सौर्य दैनिक) | व्यावसायिक हायर पर्चेज कर्जा | नामः विनीता नेम्वाङ्ग<br>बुबाः पूर्णबहादुर लिम्बु<br>पतिः लछुमन लिम्बु<br>ससुराः धनबहादुर लिम्बु<br>स्थायी ठेगानाः इलाम जिल्ला सिद्धिथुम्का गा.वि.स. वडा नं. ६<br>हालको ठेगानाः इलाम जिल्ला इलाम न.पा. वडा नं. ६<br>ना.प्र.नं.०३-२०-७०-००१७९, जि.प्र.का. इलाम जारी मिति २०७०/०२/१३<br><br>नामः लछुमन लिम्बु<br>बाजेः नरबहादुर लिम्बु<br>बुबाः धनबहादुर लिम्बु<br>स्थायी ठेगानाः इलाम जिल्ला इलाम न.पा. वडा नं. ९<br>हालको ठेगानाः इलाम जिल्ला इलाम न.पा. वडा नं. ६<br>ना.प्र.नं.६६७२१, जि.प्र.का. इलाम जारी मिति २०५९/०९/०१ |
| **नामः डि एन्ड आर एग्रिकल्चरल फार्म प्रा.लि.**<br>कम्पनी दर्ता नं.: १२१३७०/०७०/०७१<br>दर्ता मितिः २०७०/१२/२४<br>स्थायी लेखा नं.: ६०१८६३७४५<br>कम्पनीको ठेगानाः गोङ्गबु-५, काठमाडौं।<br>संस्थागत जमानतः डि एन्ड आर एग्रिकल्चरल फार्म प्रा.लि.<br>धितोको विवरणः डि एन्ड आर एग्रिकल्चरल फार्म प्रा.लि.को नाममा दर्ता श्रेस्ता कायम भएको सिराहा जिल्ला फुल्काहकट्टी-९, सिट नं. ९क, कि.नं.१७८० को क्षे.फ.०-५-४.५-०..........१<br>ऐ.ऐ.कि.नं.१७८७ को क्षे.फ.०-०-११-०..........१<br>ऐ.ऐ.कि.नं.१७९२ को क्षे.फ.०-०-१-०..........१<br>ऐ.ऐ.कि.नं.१७८६ क्षे.फ.०-५-८-०..........१<br>ऐ.ऐ.कि.नं. १७८१ क्षे.फ. ०-५-८-०..........१<br>ऐ.ऐ.कि.नं. १७९३ क्षे.फ. ० -०-८.५-०..........१<br>ऐ.ऐ.कि.नं. १७८८ क्षे.फ.०-५-८.५-०..........१<br>यस अघि सूचना प्रकाशित मिति : २०८१/०२/२२ (सौर्य दैनिक) | कृषि कर्जा | **नामः ओमबहादुर बोहोरा**<br>बाजेः अमरबहादुर बोहोरा<br>बुबाः रामबहादुर बोहोरा<br>ना.प्र.नं. ०४१०३०।८९०<br>जारी जिल्ला/मितिः झापा, २०६६/०७/२४<br>स्थायी ठेगानाः घैलाडुवा-१ जिल्ला झापा।<br>हालको ठेगानाः टोखा-१०, काठमाडौं।<br>**नामः दीपक थापा**<br>बाजेः कविराज थापा<br>बुबाः गङ्गाबहादुर थापा<br>ना.प्र.नं.: ८२३१३७६२<br>जारी जिल्ला/मितिः २०४४/१२/२३, झापा<br>स्थायी ठेगानाः शनिश्चरे -४, जिल्ला झापा।<br>हालको ठेगानाः टोखा-१०, काठमाडौं।<br>**नामः विमला घिमिरे**<br>बुबाः करवीर घिमिरे<br>पतिः दीपक थापा<br>ससुराः गङ्गाबहादुर थापा<br>ना.प्र.नं.: ९१५२९०४<br>स्थायी ठेगानाः घैलाडुब्बा-१, जिल्ला झापा।<br>हालको ठेगानाः टोखा-१०, काठमाडौं।<br>जारी जिल्ला/मितिः झापा, २०४५/०१/०८ |

**लिलाम बोलपत्रसम्बन्धी शर्तहरूः**

१. लिलाम बोलपत्र आवेदन फाराम यस संस्थाको शाखा कार्यालय पुतलीसडक र हेटौंडाबाट रु १,०००।०० (रु एक हजार मात्र) तिरी (पछि फिर्ता नहुनेगरी) प्राप्त गर्न सकिनेछ। फोटोकपी गरिएको फाराम मान्य हुनेछैन।

२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तीय संस्थाको निर्णय अन्तिम हुनेछ। सिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व वित्तीय संस्थाले लिन सक्नेछ।

३. गोप्य सिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ३५औं दिन (सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन) वित्तीय संस्थाको केन्द्रीय कार्यालय/शाखा कार्यालय पुतलीसडक र हेटौंडामा कार्यालय समयभित्र प्राप्त भइसक्नुपर्नेछ। प्राप्त बोलपत्रहरू यस वित्तीय संस्थाको शाखा कार्यालय, पुतलीसडक र हेटौंडामा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट र सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन खोलिनेछ।

४. माथि उल्लिखित सम्पत्ति निरीक्षण गर्न चाहेमा वा कुनै कुरा बुझ्नुपरेमा लिलाम बोलपत्र पेश गर्नुअगावै समृद्धि फाइनान्सको शाखा कार्यालय, हेटौंडास्थित कर्जा असुली विभागमा सम्पर्क राखी निरीक्षण गर्न सकिनेछ।

५. अन्य शर्तहरू लिलाम बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् र ती शर्त बन्देजहरू यसै सूचनाको अभिन्न अङ्ग मानिनेछ।

**लिलाम बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१/०६/०१**

**लिलाम सिलबन्दी बोलपत्र खोलिने मिति : २०८१/०६/०२**

**बोलपत्र खोलिने स्थान : संस्थाको शाखा कार्यालय, पुतलीसडक।**

**सम्पर्क फोन नं.: ०५७-५२५१००, ०५७-५२३२२९, ०१५-३१८८३८, ०१५-३१२०९९**


# फरक समाचार

## गाँजाबाट टाउको र घाँटी क्यान्सर जोखिम

गाँजालाई लिएर समाजमा अनेक किसिमका धारणा छन्। कतिपयले यसलाई हानिरहित मान्छन् भने कतिपयले यसलाई हानिकारक मान्छन्। एउटा



नयाँ अध्ययनले गाँजाको सेवनको सन्दर्भमा अर्को चेतावनी जारी गरेको छ। अध्ययनका अनुसार नियमित गाँजा सेवन गर्नेहरूमा टाउको र घाँटीको क्यान्सरको जोखिम बढ्छ।

अमेरिकामा गरिएको यस अध्ययनले नियमितरूपमा गाँजा सेवन गर्ने मानिसहरूलाई टाउको र घाँटीको क्यान्सर हुने सम्भावना सामान्य व्यक्तिको तुलनामा तीनदेखि पाँच गुणा बढी हुने देखाएको छ। यो अध्ययनले २० वर्षको तथ्याङ्कलाई विश्लेषण गरेको थियो, जसमा एक लाख १६ हजारभन्दा बढी अमेरिकी वयस्कहरू समावेश थिए। यीमध्ये केही मानिसहरूलाई गाँजाको लतको समस्या थियो।

अध्ययनका प्रमुख लेखक डा निल्स कोकोटले भने यो यस प्रकारको यो पहिलो ठूलो अध्ययन हो, जसमा टाउको र घाँटीको क्यान्सर प्रत्यक्षरूपमा गाँजाको सेवनसँग जोडिएको छ। मानिसहरू यसबाट बच्नका लागि कुन व्यवहारले टाउको र घाँटीको क्यान्सरको जोखिम बढाउँछ भन्ने जान्न जरुरी रहेको उनले बताए। अध्ययनका अनुसार गाँजाको सेवनले मुख, घाँटी, स्वरयन्त्र, ऱ्याल ग्रन्थी र ओरोफरिनक्स (जसमा जिब्रो, टन्सिल र घाँटीको पछाडिको भित्ता समावेश छ) क्यान्सरको जोखिम बढाउँछ। यद्यपि अध्ययनले यो बताएको छैन कि गाँजाको सेवन कुन प्रकारले गरिएको छ जस्तै धुम्रपान वा खाएर।

**क्यान्सरको कारणः** विज्ञहरूका अनुसार गाँजाको धूवाँमा केही तत्त्वहरू हुन्छन्, जुन सुर्तीजन्य पदार्थमा पनि पाइन्छ र यसले क्यान्सर निम्त्याउन सक्छ। यसको अलावा गाँजामा पाइने केही तत्त्वहरूले क्यान्सरलाई बढावा दिने इन्जाइमहरू सक्रिय गर्न सक्छन्। यद्यपि अध्ययनमा केही सीमा छ। उदाहरणका लागि मानिसले गाँजाको सेवनबारे बताए, यसैले यसको सही मात्रा थाहा छैन। यसको अलावा अध्ययनमा सामेल व्यक्तिको उमेर र लिङ्गको आधारमा तुलना गरिएको थियो तर अन्य कारक जस्तै रक्सी र तम्बाकु सेवनमाथि ध्यान दिइएको छैन।

विशेषज्ञका अनुसार थप अनुसन्धान आवश्यक छ। तर यस अध्ययनको नतीजा निकै चिन्ताजनक छ र मानिसहरूले गाँजाको उपभोगको बारेमा होशियार हुन आवश्यक छ। धेरै देशमा गाँजासम्बन्धी कानूनहरू परिवर्तन भइरहेका छन् र यसलाई वैधानिकता दिइँदैछ। तर यस अध्ययनपछि मानिसहरूले गाँजाको उपभोगमा सावधान हुन आवश्यक छ र यसको सम्भावित खतराबारे सचेत हुनुपर्छ।

## सासू-बुहारी र घोचपेच

परिवारमा नयाँ बुहारीको आगमन एक नयाँ अध्यायको सुरुआत हो, जहाँ अपेक्षा र भावनाहरू हुन्छन्। तर कहिलेकाहीं केही कुराहरू हुन्छन्, जुन नयाँ बुहारीको लागि तनावको कारण बन्न सक्छ। विशेषगरी सासू र बुहारीबीचको कुराकानीमा ध्यान नदिने हो भने सम्बन्धमा दरार आउन सक्छ। यहाँ हामी तपाईंलाई केही कुराहरू बताउँछौं, जुन सासूले नयाँ बुहारीलाई भन्नबाट जोगिनुपर्छ, जसले सम्बन्धमा मिठास कायम रहन्छ।



हाम्रो पालामा यस्तो भएको थिएनः यस्ता शब्दहरूले प्रायः नयाँ बुहारीलाई कुनै न कुनै रूपमा कम मूल्याङ्कन गरेको महसूस गराउन सक्छ। हरेक पुस्ताको आआफ्नै तरीका हुन्छन् र समयसँगै विचारधारा पनि परिवर्तन हुन्छ। नयाँ बुहारीले आफ्नो समय अनुसारको तरीका र सोचलाई स्वीकार गर्नु राम्रो हुन्छ। यसो भन्दैमा नयाँ बुहारीले आफ्नो स्वतन्त्रता र विचार कदर नभएको महसूस गर्नेछन्, जसले तनाव निम्त्याउन सक्छ।

तिम्रो माइतीमा यस्तो हुन्छ ? नयाँ बुहारीका बुबाआमालाई अपमान गर्ने यस्ता शब्दहरू भनिन्छ। आफू हुर्केको घरका मानिसहरूको बारेमा कोही पनि नराम्रो कुरा सुन्न चाहँदैनन्। यसले उसको आत्मसम्मानमा चोट पुऱ्याउँछ र सम्बन्धमा दूरी पनि सिर्जना गर्न सक्छ। यस्ता कुराबाट टाढा रहनु र बुहारीलाई परिवारका अन्य सदस्यसरह राम्रो व्यवहार गर्नु राम्रो हुन्छ।

**तिमीलाई केही थाहा छैनः** नयाँ बुहारीको काममा गलती खोज्नु वा कुनै काममा उनलाई अनाडी भन्नु उनको आत्मविश्वासमा कमी आउन सक्छ। हरेक व्यक्तिको आआफ्नै तरीका हुन्छ, र बुहारीले घरको काम गर्न बढी समय लिन सक्छ। सासू-ससुराले धैर्य गर्नुपर्छ र बुहारीलाई सिक्ने मौका दिनुपर्छ। सकारात्मक ढङ्गले बुझाउनाले बुहारीलाई हौसला मिल्नेछ र नयाँ जिम्मेवारी खुशीसाथ पूरा गर्न सकिनेछ।

**हाम्रो छोराको बानी बिगाऱ्यौः** यी कुराहरू कुनै पनि महिलाका लागि अत्यन्तै अपमानजनक हुन सक्छ। सासूले बुहारीलाई छोराको बानी बिगारेको आरोप लगाउँदा उनको मनमा गहिरो चोट पुग्छ। यो महत्त्वपूर्ण छ कि सासूले आफ्नो छोराको परिवर्तनशील बानीहरू बुझ्ने प्रयास गर्नुपर्छ र उनीहरूको सम्बन्धमा हस्तक्षेप गर्नुहुँदैन।

**एक दिन उसले घर भत्काउनेछः** बुहारीलाई घर भत्काउने महिला भन्नुहुँदैन। यो सत्य हो बुहारीहरू सासूसँग बस्न चाहँदैनन्। कतिपय अवस्थामा दाजुभाइलाई अलग गर्ने षडचन्त्र पनि रचिन्छ। तर सबै एकैजस्तो हुँदैनन्। यदि नयाँ बुहारीलाई अनावश्यक दोष लगाइयो भने उनको मन दुख्छ र सधैं दोषी महसूस गर्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## रूसका ११ हजार बासिन्दालाई सुरक्षित स्थानमा सारियो

मस्को, २९ साउन/सिन्हवा

रूस र युक्रेनबीच बढ्दो द्वन्द्वका बीच पछिल्लो समय युक्रेनले रूसी सीमा क्षेत्रमा आक्रमण बढाएको छ। युक्रेनको बढ्दो आक्रामक गतिविधिका कारण रूसको सीमावर्ती बेलगोरोड क्षेत्रको क्रास्नोयारूज्स्की जिल्लाबाट करीब ११ हजार मानिसलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको क्षेत्रीय गभर्नर व्याचेस्लाव ग्लेडकोभले मङ्गलवार जनाएका छन्।

उनका अनुसार विस्थापितमध्ये लगभग एक हजार मानिस हाल अस्थायी आवास केन्द्रहरूमा बसिरहेका छन्।

"बिग्रँदो सुरक्षा अवस्थाका कारण सोमवार आफ्नो घर छोडेका क्रास्नोयारूज्स्की जिल्लाका विस्थापितलाई खानबस्नलगायत न्यूनतम आवश्यकताका सामानहरू प्रदान गरी सुरक्षित स्थानमा राखिएको छ"–ग्लेडकोभले भने।

यसै क्रममा उनले वर्तमान स्थितिमा चाँडै सुधार भई विस्थापितहरूलाई छिट्टै घर फर्कन अनुमति जारी गरिने आशा व्यक्त गरे। रासस

## भारत र अस्ट्रेलियाबीच समुद्री सुरक्षा वार्ता

नयाँ दिल्ली, २९ साउन/एएनआई

भारत र अस्ट्रेलियाबीच छैटौं समुद्री सुरक्षा संवाद मङ्गलवार क्यानबेरामा सम्पन्न भएको विदेश मन्त्रालयले जनाएको छ।

भारतीय प्रतिनिधिमण्डलको नेतृत्व विदेश मन्त्रालयको निशशस्त्रीकरण तथा अन्तर्राष्ट्रिय सुरक्षा मामिलाका सहसचिव मुआनपुई साइआवीले गरेका थिए भने अस्ट्रेलियाली प्रतिनिधिमण्डलको नेतृत्व दक्षिण एशिया तथा मध्य एशिया डिभिजनका प्रथम सहायक सचिव सारा स्टोरीले गरेका थिए।

दुवै पक्षबीच समावेशी विकास र विश्वव्यापी कल्याणका लागि अनुकूल सुरक्षित समुद्री वातावरण कायम राख्ने तरीकाहरूबारे छलफल भएको छ।

उनीहरूले इन्डो–प्यासिफिक क्षेत्रमा समुद्री सुरक्षा वातावरण, मानवीय सहायता र विपद् राहत (एचएडिआर) समन्वय, क्षेत्रीय र बहुपक्षीय संलग्नता र समुद्री स्रोतहरूको दिगो प्रयोगलगायत आपसी चासोका विभिन्न विषयहरूमा विचार आदानप्रदान गरे। रासस


Samriddhi Finance
Partnership for Prosperity

# समृद्धि फाइनान्स कम्पनी लिमिटेड

मुख्य कार्यालय, हेटौंडा, मकवानपुर

## धितोमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य सिलबन्दी बोलपत्र आह्वान गरिएको ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति: २०८१/०४/३०
(प्रथमपटक प्रकाशित मिति: २०८०/०३/०६ आर्थिक अभियान)

यस वित्तीय संस्थाबाट तपसिल बमोजिमको धितो राखी कर्जा लिने तपसिल बमोजिमका ऋणीले यस वित्तीय संस्थालाई समयसमयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याजलगायतका वित्तीय संस्थाको लेना रकम नबुझाइ कर्जासम्बन्धी शर्त बन्देजहरू उल्लङ्घन गर्नुभएको र पटकपटक मौखिक, लिखित, फोन तथा एसएमएसमार्फत तरताकेता गर्दासमेत कर्जाको साँवा, ब्याजलगायतका रकम चुक्ता भुक्तानी नगर्नुभएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिका करोबार दैनिकमा मिति २०८१/०२/२४ गते कर्जा चुक्ता गर्न आउनेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिए तापनि कर्जा चुक्ता नभएकोले उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेको तपसिलमा उल्लिखित चल–अचल सम्पत्ति लिलामीको लागि यो सूचना प्रकाशित गरिएको छ। अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लिखित सम्पत्तिहरू जे जस्तो अवस्थामा छन्, सोही अवस्थामा निज ऋणीले यस वित्तीय संस्थालाई लेखिएको लिखत, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३ को दफा ५७, नेपाल राष्ट्र बैंकको कालोसूचीसम्बन्धी निर्देशन तथा संस्थाको कर्जा असुली तथा गैह्रबैंकिङ सम्पत्ति बिक्रीसम्बन्धी कार्यविधि बमोजिम लिलाम बिक्री गरी निज ऋणीबाट धनी वित्तीय संस्थाले असुल गर्न बाँकी रहेको लेना रकम असुल उपर गरिने तथा सम्बन्धित ऋणी, व्यक्तिगत जमानीकर्तासमेतलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखी अन्य कानूनी कारबाईसमेत अगाडि बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै व्यक्तिगत जमानीकर्ता, धितोकर्ता तथा सरोकारवालाहरूले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला। उक्त धितो सुरक्षणमा रहेको चल–अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरूबाट यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरूको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र पेश गर्न हुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरू यस वित्तीय संस्थामा ३६औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३ (तीन) बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी, धितोधनी तथा जमानीकर्तालाई उपस्थित हुनसमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित प्रतिनिधि, सम्बन्धित ऋणीहरू तथा व्यक्तिगत जमानीकर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्नेछैन। लिलामी कारबाई प्रक्रिया यस वित्तीय संस्थाको कर्जा नीति अनुसार अगाडि बढाइनेछ। साथै सिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणीहरू तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा तथा अन्य दैदस्तुर कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ। ***तपसिल***

| ऋणी तथा धितोको विवरण | कर्जा शीर्षक | व्यक्तिगत जमानी दिनेको विवरण |
|---|---|---|
| नामः छिरिङ लामा<br>बाबुः मानबहादुर लामा<br>बाजेः सेते लामा<br>स्थायी ठेगानाः पदमपोखरी–६, मकवानपुर<br>हालको ठेगानाः हेटौंडा–१३, मकवानपुर<br>ना.प्र.नं.: ३१२८/६७५<br>जारी जिल्ला/मितिः मकवानपुर/२०५५/०१/०४<br>**धितोको विवरणः** छिरिङ लामाको नाममा जग्गाधनी श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं ६ हाल हेटौंडा उ.म.न.पा. वडा नं. १३ कि.नं. ३४९ क्षे.फ. ०–६–११.५–० | व्यक्तिगत कर्जा, शाखा कार्यालय हेटौंडा | नामः फूलमाया गोले<br>ससुराः मानबहादुर गोले<br>पतिः छिरिङ लामा<br>स्थायी ठेगानाः पदमपोखरी–३, मकवानपुर<br>हालको ठेगानाः हेटौंडा–१३, मकवानपुर<br>ना.प्र.नं.: ३११०२१/५२६३२<br>जारी जिल्ला/मितिः<br>मकवानपुर/२०६५/०७/०४<br>नामः समीर गोम्जा<br>बाजेः मानबहादुर लामा<br>बुबाः छिरिङ लामा<br>स्थायी ठेगानाः हेटौंडा–१३, मकवानपुर<br>हालको ठेगानाः हेटौंडा–१३, मकवानपुर<br>ना.प्र.नं.: ३१–०१–७६–१४९४<br>जारी जिल्ला/मितिः<br>मकवानपुर/२०७६/०२/०६ |

**लिलाम बोलपत्रसम्बन्धी शर्तहरूः**

१. लिलाम बोलपत्र आवेदन फाराम यस संस्थाको शाखा कार्यालय पुतलीसडक र हेटौंडाबाट रु १,०००।०० (रु एक हजार मात्र) तिरी (पछि फिर्ता नहुनेगरी) प्राप्त गर्न सकिनेछ। फोटोकपी गरिएको फाराम मान्य हुनेछैन।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तीय संस्थाको निर्णय अन्तिम हुनेछ। सिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व वित्तीय संस्थाले लिन सक्नेछ।
३. गोप्य सिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ३५औं दिन (सो दिन बिदा परेमा त्यस लगत्ते कार्यालय खुलेको दिन) वित्तीय संस्थाको केन्द्रीय कार्यालय/शाखा कार्यालय पुतलीसडक र हेटौंडामा कार्यालय समयभित्र प्राप्त भइसक्नुपर्नेछ। प्राप्त बोलपत्रहरू यस वित्तीय संस्थाको शाखा कार्यालय, पुतलीसडक र हेटौंडामा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट र सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन खोलिनेछ।
४. माथि उल्लिखित सम्पत्ति निरीक्षण गर्न चाहेमा वा कुनै कुरा बुझ्नुपरेमा लिलाम बोलपत्र पेश गर्नुअगावै समृद्धि फाइनान्सको शाखा कार्यालय, हेटौंडास्थित कर्जा असुली विभागमा सम्पर्क राखी निरीक्षण गर्न सकिनेछ।
५. अन्य शर्तहरू लिलाम बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् र ती शर्त बन्देजहरू यसै सूचनाको अभिन्न अङ्ग मानिनेछ।

**लिलाम बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१ असोज १ गते दिनको ३:०० बजे।**
**लिलाम सिलबन्दी बोलपत्र खोलिने मिति : २०८१ असोज २ गते दिनको ३:०० बजे।**
**बोलपत्र खोलिने स्थान : संस्थाको शाखा कार्यालय, हेटौंडा।**
सम्पर्क फोन नं.: ०५७–५२५१००, ०५७–५२३२२९, ०१५–३१८८३८, ०१५–३१२०९९


**मधेस ...**

लोसपाका एकजना मन्त्री छन्।

पछिल्लोपटक राज्यमन्त्री थप गरिएपछि चौतर्फी विरोध हुन थाल्दा मुख्यमन्त्री सिंहको पार्टी जनमत पार्टीले मुख्यमन्त्री सिंहलाई स्पष्टीकरणसमेत सोधेको थियो। सत्तासाझेदार दलमध्येका नेपाली काङ्ग्रेसका नेताहरू शेखर कोइराला, नैनसिंह महरलगायतले पार्टीको केन्द्रीय समिति बैठकमा मन्त्रिपरिषद् विस्तारको आलोचना गरेका थिए।

मधेसको प्रमुख प्रतिपक्षी दल जसपा नेपालका युवा विद्यार्थीहरूले प्रदेश राजधानी जनकपुर केन्द्रित चरणबद्ध विरोध प्रदर्शनको कार्यक्रम सञ्चालन गर्दै आएका थिए।

स्थितिलाई मध्यनजर गर्दै मुख्यमन्त्री सिंहले राज्यमन्त्रीहरूलाई पदबाट राजीनामा दिन आग्रह गरेका थिए। सो अनुसार नेकपा (एमाले) का तीनजना राज्यमन्त्रीले सोमवार राजीनामा बुझाएका थिए। राजीनामा दिन बाँकी रहेकाहरूलाई सम्बन्धित पार्टीको केन्द्रीय नेतृत्वसँग परामर्श गरेर मङ्गलवार राजीनामा गराएको मुख्यमन्त्रीको सचिवालय सदस्यहरूले बताएका छन्।

**नेप्से ...**

**निर्जीवन बीमा एक दशमलव ०२ र अन्य समूहका उपसूचक शून्य दशमलव ७४ प्रतिशतले घटेका छन्।**

**मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड, पिपल्स पावर लिमिटेड र डोल्टी पावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। नेपाल फाइनान्स लिमिटेडको सबैभन्दा धेरै शेयर मूल्य नौ दशमलव ९३ प्रतिशतले घटेको छ। आज सबैभन्दा धेरै नेपाल फाइनान्स लिमिटेडको रु ८१ करोड ९९ लाख ४० हजार ८२२ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने नबिल ब्यालेन्स फन्ड–२ को २९ लाख ८६ हजार ९०७ कित्ता शेयर किनबेच भएका छन्।**

## आजको राशिफल

| | |
|---|---|
| मेष – रोगभय | वृष – व्यापारलाभ |
| मिथुन – शत्रुपराजय | कर्कट – सुसमाचार |
| सिंह – भयचिन्ता | कन्या – मित्रमिलन |
| तुला – अतिथिआगमन | वृश्चिक – सुयश |
| धनु – खर्चवृद्धि | मकर – धनलाभ |
| कुम्भ – सफलता | मीन – ईश्वरभक्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**२५ मेगावाट ...**

कम्पनीका अध्यक्ष पोखरेलले आयोजना सम्पन्न गर्नका लागि स्थानीयवासी तथा स्थानीय सरकारबाट सहयोग मिलेको बताए। उनले स्थानीयवासीको सानासाना लगानीले आयोजना निर्माण भएको बताए। उनले भने–"जलविद्युत्मा २५ मेगावाट सानो परियोजना होइन। धेरै मानिस जोडिएका छन्। एक हजार पाँच सयजना प्रवर्द्धकको लगानी छ। पारदर्शीरूपमा समयमैं आयोजना पूरा गर्न अहोरात्र खटेका थियौं, उत्पादन शुरू भएसँगै अब छिट्टै सफलता मिल्दैछ।"

सेती नदी जलविद्युत् आयोजनामा रु पाँच अर्ब बढी लगानी भएको छ। यसमा तीन अर्ब ५० करोड विभिन्न बैंक तथा वित्तीय संस्थाले लगानी गरेका छन्। अन्य लगानी प्रवर्द्धक, स्थानीयवासी तथा आइपिओ जारी गरेर पूरा गरिएको आयोजनाका निर्देशक बमबहादुर गुरुङले बताए। सेती नदी जलविद्युत् आयोजनाको काम विसं २०७७ को अन्तिमदेखि शुरू भएको हो। कोरोना महामारीका कारण आयोजनाको काममा केही बाधा पुगे पनि सबैको सहयोगले सफलता मिलेको निर्देशक गुरुङले बताए।


CAAN

नेपाल नागरिक उड्डयन प्राधिकरण
सिमरा नागरिक उड्डयन कार्यालय

## विमानस्थल क्षेत्रभित्र रहेको जग्गा कृषि प्रयोजनको लागि ठेक्कामा दिने बारेको बोलपत्र आह्वानको सूचना

प्रकाशित मिति २०८१/०४/३०

यस कार्यालयको क्षेत्रभित्र रहेको कार्यालयले नामकरण गरेको प्लट नं ४ को ०३–१२–०० (डुमरवाना जाने बाटोको पूर्वपट्टि)को खाली जग्गा कृषि प्रयोजनको लागि २०८१ असोज १ गतेदेखि ५ (पाँच) वर्षको लागि तपसिल बमोजिमको शर्तहरूको अधीनमा रही ठेक्कामा दिनुपर्ने भएको हुँदा इच्छुक सङ्घसंस्था, नेपाली नागरिकहरूबाट रीतपूर्वक बोलपत्र आह्वान गरिएको छ।

तपसिलः

१. इच्छुक सङ्घ–संस्था, नेपाली नागरिक वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र फाराम रु ३३९०/– (तीन हजार तीन सय नब्बे मात्र) मू.अ.करसहित फिर्ता नहुने गरी नेपाल नागरिक उड्डयन प्राधिकरणको विशाल बजारस्थित राष्ट्रिय वाणिज्य बैंकको खाता नं १०९०१०००६४९१७००१ मा जम्मा गरेको बैंक भौचर, सङ्घसंस्था दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र सक्कलै प्रति साथमा ल्याइ सोको प्रतिलिपिसहित निवेदन दिएमा यस कार्यालयबाट मिति २०८१/०४/३० देखि २०८१/०५/१८ गतेसम्म कार्यालय समयभित्र प्राप्त गर्न सकिन्छ।
२. बोलपत्र फाराम मिति २०८१।०५।१९ गते १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराउनुपर्नेछ। पर्न आएका बोलपत्रहरू सोही दिन दिउँसो २:०० बजे यस कार्यालयमा सरोकार कार्यालयका प्रतिनिधि तथा ठेकेदार प्रतिनिधिको रोहबरमा खोलिनेछ। तर ठेकेदार प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। सो दिन बिदा परेमा भोलिपल्ट बोलपत्र फाराम बुझाइने र खोलिनेछ।
३. बोलपत्र फारामको साथ उक्त प्लटको प्रतिलिपि नक्शा संलग्न हुनेछ। उक्त प्लट नं ४ को न्यूनतम वार्षिक कबोल रकम ७२,०००/– (बहत्तर हजार मात्र) हुनेछ।
४. बोलपत्र जमानतबापत बोलपत्रदाताले वार्षिक कबुल पर्ने अङ्कको ५ (पाँच) प्रतिशतले हुने रकम यस कार्यालयको एभरेस्ट बैंक लि. सिमरास्थित धरौटी खाता हि.नं. ००७००१०५०००१५२ जम्मा गरेको सक्कलै बैंक भौचर वा सो बमोजिमको नियम अनुसारको बैंक जमानत बोलपत्र साथ पेश गर्नुपर्नेछ। यसरी बोलपत्रसाथ पेश गरेको जमानतको अवधि न्यूनतम १८० दिनको हुनुपर्नेछ। धरौटी रकम छुट्टाछुट्टै वा एकमुस्टरूपमा बुझाउन सकिनेछ।
५. आफूले कबोल गर्ने प्लटको दररेट वार्षिकरूपमा कबोल रकम खुल्ने गरी स्पष्टरूपमा उल्लेख गर्नुपर्नेछ। बोलपत्र कबुल अङ्कमा यति प्रतिशत घटी वा बढी वा अन्य केही कुराको शर्त राखेको वा कैफियत जनाएको बोलपत्र मान्य हुनेछैन। रीत नपुगेको, म्याद नाघी आएको बोलपत्र उपर कुनै कारबाई गरिनेछैन।
६. बोलपत्र स्वीकृत भएपछि बोलपत्रदाताबाट स्वीकृत कुल ठेक्का अङ्गको २५ प्रतिशत रकमको नेपाल राष्ट्र बैंकबाट (क) वर्गको इजाजत प्राप्त बैंकको कम्तीमा कबुलियत अवधिभन्दा ६ महीना बढी म्याद भएको बैंक जमानत वा कार्यालयको धरौटी खाता नं ००७००१०५०००१५२ मा नगर्दै जम्मा गरेको बैंक भौचर पेश गरी सम्झौता गर्नुपर्नेछ।
७. ठेकेदारले उक्त जग्गामा उखु, मकै जस्ता अग्लाअग्ला बोटबिरुवा हुने बाली तथा गाँजा जस्ता कानूनद्वारा निषेधित तथा जङ्गली जनावर तथा चराचुरुङ्गी आकर्षित गर्ने खालका बाली लगाउन पाइनेछैन।
८. आफूले सकार गरेको जग्गाको तारबारको रेखदेख तथा मर्मतसम्भार ठेकेदारले आफ्नै खर्चबाट गर्नुपर्नेछ। साथै उक्त क्षेत्रभित्र रहेका उपकरणहरूको रेखदेखसमेत ठेकेदारले गर्नुपर्नेछ।
९. अन्य विस्तृत जानकारीको लागि एवं प्लट हेर्न चाहनेले कार्यालय समयभित्र सम्पर्क राखुपर्नेछ।
१०. कबुल गर्ने ठेकेदारले हवाई उपकरण, जमीनमुनि रहेका तारहरू आदि बचाइ, हवाई उडान अवतरणमा बाधा नपर्ने गरी फेन्सिङ गरिएका जग्गाहरू अनधिकृतरूपमा गाईवस्तु, व्यक्तिहरूको प्रवेश नियन्त्रण गरी विमानस्थल सुरक्षा व्यवस्थामा असर पर्ने खालका कुनै गतिविधि गर्न पाइनेछैन।
११. नेपाल नागरिक उड्डयन प्राधिकरणको हितलाई ध्यानमा राखी कुनै कारण जनाइ वा नजनाइ बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा प्राधिकरणलाई आवश्यक परेमा ठेक्कामा दिइएको जग्गाको बन्दोबस्त रद्द गर्ने अधिकारसमेत यस कार्यालयमा निहित रहनेछ।
१२. यससम्बन्धी विस्तृत सूचनाको लागि नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: caanepal.gov.np मा हेर्न सकिनेछ।
१३. यो सूचनामा नपरेका अन्य कुराहरू प्रचलित ऐन नियमानुसार हुनेछ।



यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# रूखको हाँगा भाँच्चिएर महिलाको मृत्यु

प्रस, निजगढ, २९ साउन/

निजगढ नगरपालिका–१० लालमा मङ्गलवार रूखको हाँगा भाँचिएर खस्दा मोटरसाइकलमा सवार तीनजनामध्ये एकजना महिलाको घटनास्थलमैं मृत्यु भएको र दुईजना घाइते भएका छन् ।

निजगढ नपा–१० लाल निवासी २२ वर्षीया अस्मिता मोक्तानको सो दुर्घटनामा मृत्यु भएको इलाका प्रहरी कार्यालय, निजगढले जनाएको छ ।

घरबाट रतनपुरतर्फ प्रदेश नं २–०२–०१७ प ९६३५ नम्बरको मोटरसाइकलमा जाँदै गर्दा निजगढ–लाल–रतनपुर सडकको लाल पार्किङ आसपासको कालोपत्र सडकछेउमा रहेको ठाडो रूखको हाँगा आज दिउँसो करीब २:५० बजे भाँचिएर खस्दा अस्मिताको टाउको लागेर त्यहीं उनको निधन भएको इप्रका, निजगढका प्रहरी निरीक्षक सुमित कुशवाहाले बताए । मोटरसाइकल चालक १८ वर्षीय सन्देश बमजन र निजगढ नपा–१३ निवासी २२ वर्षीया विनीता भुलोन घाइते भएका छन् । उनीहरूको निजगढमा उपचार भइरहेको र अवस्था सामान्य रहेको इप्रका, निजगढले जनाएको छ ।

# ज्वाइँको कुटाइबाट घाइते भएका ससुराको मृत्यु

प्रस, वीरगंज, २९ साउन/

ससुराको हत्या गरेको आरोपमा पर्सा प्रहरीले ज्वाइँलाई पक्राउ गरेको छ । वीरगंज महानगर–७ रामटोल बस्ने सीताराम सर्राफलाई निजका ज्वाइँ कलैया उपमहानगरपालिका–१ राजदेवी घर भई हाल वीरगंज–१० प्रगतिटोलमा डेरा गरी बस्ने ३१ वर्षीय साजन सर्राफले कुटपिट गरेका थिए । कुटपिटबाट घाइते ससुरा सीतारामको सोमवार नारायणी अस्पताल, वीरगंजमा निधन भएको थियो । निधन भएलगत्तै वडा प्रहरी कार्यालय, बिर्ताको टोलीले ज्वाइँ साजनलाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।

घटना सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । प्रारम्भिक अनुसन्धानमा ज्वाइँ साजनले ससुरा सीतारामलाई कुटेको बुझिन आएको र यसबारे ज्वाइँलाई पक्राउ गरेर अनुसन्धान शुरू गरेको पर्सा प्रहरीले जनाएको छ ।

# अग्रवाल धरौटीमा रिहा, प्रहरी शङ्काको घेरामा

प्रस, वीरगंज, २९ साउन/

वीरगंज महानगर–१० आदर्शनगर निवासी निरञ्जन अग्रवाललाई पर्सा जिल्ला अदालतले धरौटी बुझेर तारेखमा रिहा गरेको छ ।

न्यायाधीश आनन्दप्रसाद श्रेष्ठको इजलासले अग्रवाललाई रु दुई लाख पचास हजार धरौटीमा रिहा गर्न आदेश गरेका थिए । आदेशसँगै अग्रवालले सोबापतको रकम जम्मा गरेर रिहा भएका छन् ।

साउन १६ गतेदेखि जिल्ला प्रहरी कार्यालय पर्साले अग्रवाललाई झूटो विवरण पेश गरी नागरिकता र सवारी चालक अनुमतिपत्र बनाएको कसूरमा थुनामा राखेर कारबाही गरेको थियो । वीरगंज महानगरपालिका श्रीसिया निवासी नरेश ठाकुरले जिल्ला प्रहरी कार्यालय, पर्सामा अग्रवालविरुद्ध २०७६ चैतमा उजुरी दिएका थिए ।

उजूरी दिएको करीब पाँच वर्षपछि मात्र जिप्रका, पर्साले निजलाई साउन १६ गते बुधवार पक्राउ गरेको थियो । प्रहरीमा उजूरी दिएको यो कसूरमा अग्रवालविरुद्ध जिल्ला प्रशासन कार्यालय, पर्सामा कारबाही शुरू भएको थियो । जिप्रकाले उनीविरुद्धको मुद्दा मुलतबीमा राखेको छ । जिल्ला प्रशासनले मुलतबी राखेको र जिल्ला प्रहरीमा पाँच वर्ष अघि परेको उजूरीमा पाँच वर्षपछि कारबाही प्रक्रिया अघि बढ्नुले विभिन्न शङ्का उब्जाएको छ ।


## सुर्तीजन्य पदार्थका तत्कालीन असर

सुर्तीजन्य पदार्थको सेवनले:

- झुम्म पार्ने,
- मस्तिष्क सुस्त हुने,
- रक्तनलीमा बोसोजन्य पदार्थ (कोलेस्टेरोल)को मात्रा बढ्ने,
- आँखा, घाँटी र मुखमा अप्ठयारो महसूस हुने,
- हात काम्ने,
- पेटमा अम्लको मात्रा बढ्ने,
- छालाको तापक्रम घट्ने,
- मुटुको धडकन बढ्ने,

जस्ता तत्कालीन असरहरू देखिन सक्ने भएकोले सुर्तीजन्य पदार्थको सेवन नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड







## दुई संसदीय समिति सभापतिको निर्वाचन कार्यक्रम सार्वजनिक

काठमाडौं, २९ साउन/रासस

सङ्घीय संसद् सचिवालयले संसदीय सुनुवाइ समिति र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिका सभापतिको निर्वाचन कार्यक्रम प्रकाशन गरेको छ ।

सभामुख देवराज घिमिरेले ती समितिका सभापतिको निर्वाचनका लागि यही साउन ३१ गते बिहीवारको मिति निर्धारण गरे अनुसार निर्वाचन कार्यक्रम प्रकाशन गरिएको सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयद्वारा जारी सूचनामा उल्लेख छ ।

निर्वाचन कार्यक्रम अनुसार समितिका कुनै सदस्यलाई सभापतिमा निर्वाचित गरियोस् भन्ने भनी अर्को एक सदस्यको समर्थनसहित बुधवार दिनको २ देखि ४ बजेसम्म नयाबानेश्वर संसद् भवनस्थित महासचिवको कार्यकक्षमा प्रस्तावकले प्रस्ताव दर्ता गर्नुपर्नेछ । सोही दिन ४:३० बजे निर्धारित समयभित्र दर्ता भएका प्रस्तावको क्रम अनुसार सूची प्रकाशित हुनेछ ।

साउन ३१ गते बिहीवार ३ बजे बस्ने सम्बन्धित समितिको बैठकमा प्रस्तावकले प्रस्ताव प्रस्तुत गर्ने र समर्थकले समर्थक गरेपछि प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिने निर्वाचन कार्यक्रमसम्बन्धी सूचनामा उल्लेख छ ।

प्रतिनिधिसभा निर्वाचन भएको करीब डेढ वर्षपछि ती समितिका सभापति चयन हुन लागेको हो । यसअघि संसदीय सुनुवाइ समितिको बैठक ज्येष्ठ सदस्यको अध्यक्षतामा सञ्चालन हुँदै आएको थियो भने राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिको गठन नै भएको थिएन ।

# खेलकूदको संसार

## नारायणी रङ्गशालाको जीर्णोद्धारका लागि बजेटको माग

प्रस, वीरगंज, २९ साउन/

नेपाल सरकारका खानेपानीमन्त्री प्रदीप यादवले युवा तथा खेलकूदमन्त्री तेजुलाल चौधरीसँग भेट गर्दै नारायणी रङ्गशालाको जीर्णोद्धार र पुनर्निर्माणका लागि आवश्यक बजेटको व्यवस्थापन गर्न आग्रह गरेका छन् ।

मङ्गलवार पर्सा क्रिकेट सङ्घका अध्यक्ष मनीष सिंह नेतृत्वको टोलीलाई मन्त्री यादवले वीरगंजको गौरवशाली इतिहास


तस्वीर: सौजन्य

र पहिचानसँग जोडिएको नारायणी रङ्गशालाको महत्त्वलाई औंल्याउँदै यसको जीर्णोद्धार र पुनर्निर्माणको आवश्यकता रहेको बताए ।

मन्त्री यादवले प्रधानमन्त्री केपी शर्मा ओली र अर्थमन्त्री विष्णुप्रसाद पौडेलसँग पनि रङ्गशालाका लागि बजेट व्यवस्थापनको विषयमा छलफल गरी आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले रङ्गशालाको पुनर्निर्माणले स्थानीय खेलकूद गतिविधिको प्रवर्द्धन गर्नुका साथै क्षेत्रीय खेलकूद पर्यटनको विकासमा समेत योगदान पुऱ्याउने विश्वास व्यक्त गरे ।

उनले नारायणी रङ्गशालाको जीर्णोद्धारका लागि जग्गा विवाद समाधान गर्न आवश्यक मुआवजा वितरण प्रक्रिया अघि बढाउन पनि आग्रह गरेका थिए । यसका लागि उनले अर्थ मन्त्रालयसँग समन्वय गर्ने प्रस्ताव राखे ।

युवा तथा खेलकूद मन्त्री तेजुलाल चौधरीले वीरगंजको इतिहाससँग जोडिएको नारायणी रङ्गशालाको पुनर्निर्माणका लागि आफूले हरेक सम्भव पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । साथै जग्गा विवाद समाधान गर्न मुआवजा वितरण प्रक्रिया अघि बढाउन अर्थ मन्त्रालयसँग समन्वय गर्ने जानकारी पनि दिए ।

पर्सा क्रिकेट सङ्घका अध्यक्ष मनीष सिंहले मन्त्री यादवको प्रयासले रङ्गशालाको पुनर्निर्माणमा सकारात्मक प्रतिफल दिनेमा विश्वास व्यक्त गरे ।

## एएफसी च्यालेन्ज लिग: भुटानको पारो एफसी विजयी

काठमाडौं, २९ साउन/रासस

एएफसी च्यालेन्ज लिग अन्तर्गत प्रारम्भिक चरणको खेलमा नेपालको चर्च ब्वाइज युनाइटेड क्लब भुटानको पारो एफसीसँग पराजित भएको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा सम्पन्न खेलमा पारो एफसीले चर्च ब्वाइजलाई २–१ गोलअन्तरले पराजित गऱ्यो । पारो एफसीको जीतमा किङ्गा वाङ्चुक र विलियम ओपोकुले एक/एक गोल गरे ।



खेलमा ३८औं मिनेटमा लाकेन लिम्बुले गोल गरेपछि चर्च ब्वाइजले अग्रता लिएको थियो । मोसेस गाबाले पेनाल्टी बक्समा हेडमार्फत दिएको पासमा लाकेनले गोल गरेका थिए ।

तर चर्च ब्वाइजको अग्रता लामो समयसम्म टिक्न सकेन । खेलको ४०औं मिनेटमा पारोका लागि किङ्गा वाङ्चुकले गोल गर्दै खेल बराबरीमा ल्याए । चर्च ब्वाइजका गोलकीपर दीप कार्की अघि बढेको अवस्थामा किङ्गाले गोल गर्न सफल भए । खेलको ६६औं मिनेटमा पारो एफसीका लागि विलियम ओपोकुले निर्णायक गोल गर्दै २–१ को अग्रता दिलाएका थिए ।

जीतसँगै पारो एफसी प्रतियोगिताको समूह चरणमा प्रवेश गरेको छ भने चर्च ब्वाइज प्रतियोगिताबाट बाहिरिएको छ । भुटानी क्लबले सिनियरस्तरको प्रतियोगितामा नेपाली क्लबलाई हराएको यो पहिलोपटक हो ।

भुटानी लिग च्याम्पियन पारो एफसीले पहिलो रोजाइमा नौ विदेशी खेलाडीलाई मैदानमा उतारेको थियो भने शहीद स्मारक 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइजले तीनजना विदेशी खेलाडी मैदानमा उतारेको थियो ।

# सिङ्गो कार्यालय एउटै कोठामा, बजेट तीन वर्षदेखि फ्रीज

बरहथवा (सर्लाही), २९ साउन/रासस

जिल्ला कृषि ज्ञान केन्द्रको सिङ्गो कार्यालय एउटै कोठाबाट सञ्चालन भएको लामो समय भइसकेको छ । कार्यालय भवन जीर्ण बन्दै गएपछि अहिले सिङ्गो कार्यालय एउटै कोठामा अत्यन्त साँघुरो गरी सञ्चालन गर्नुपरिरहेको कार्यालय प्रमुख देवानन्द राय यादवले बताए ।

जिल्ला सदरमुकाम मलङ्गवामा रहेको साबिक जिल्ला कृषि विकास कार्यालय स्थानीय तह निर्वाचनपछि जिल्ला कृषि ज्ञान केन्द्रमा रूपान्तरण भएको थियो । पुराना भवन प्रयोगको अवस्थामा नर हेपछि कार्यालय एउटा कोठामा खुम्चिएको हो । "पहिलो बनेको भवन अत्यन्त जीर्ण अवस्थामा छ," उनले भने, "भवनको भित्ता सबै उप्किएको छ । छतबाट वर्षात्मा पानी सबैभित्र पस्छ ।"

भवन निर्माणमा यस कार्यालयले चार वर्ष पहिले रु पाँच लाखमा परियोजना विस्तृत विवरण (डिपिआर) तयार गरी प्रदेश मन्त्रालयमा बुझाएको छ । डिपिआर स्वीकृत भएकाले भवन निर्माणका लागि विनियोजित बजेट बर्सेनि फिर्ता भइरहेको कार्यालय प्रमुख यादवले बताए । उनका अनुसार गत तीन वर्षदेखि यस कार्यालय निर्माणका लागि बजेट रु तीन करोड ८५ लाख फ्रीज भइसकेको छ ।

कार्यालय भवन निर्माणका लागि आव २०७७/७८ मा रु ५० लाख, आव २०७८/७९ मा रु दुई करोड र आव २०७९/८० मा रु एक करोड ३५ लाख बजेट डिपिआर स्वीकृत नभएकै कारण फिर्ता भएको छ । "हामी पटकपटक प्रदेशस्थित मन्त्रालयमा पुग्यौं," उनले भनजे, "डिपिआर स्वीकृत गरिपाउँ भनेर अनुरोध गरेका छौं । तर काम भएको छैन ।" कार्यालय व्यवस्थापन हुन नसक्दा कृषि कार्यक्रमका लागि आएका अधिकांश बजेट यसै फ्रीज हुने गरेको उनले बताए । कार्यालयमा नौजना प्राविधिकसहित १५ जनाको दरबन्दी भएपनि हाल प्रमुखसहित तीनजना प्राविधिक, सहयोगी, ड्राइभर, कम्प्युटर अपरेटर गरी सातजना कर्मचारी छन् ।

गत आर्थिक वर्ष कृषि सिंचाइका लागि विनियोजित रु चार करोड १० लाख बजेट आधा मात्रै खर्च भएको कृषि अधिकृत सीताराम यादवले बताए । कृषि बजार तथा कृषि सडक निर्माणका लागि विनियोजित बजेट फिर्ता गएको उनको भनाइ छ ।